१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पुनश्च :** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन ।

| **बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :** | **बोलपत्र खोलिने मिति, समय र स्थान :** |
|---|---|
| २०८१/१२/२५ सोमबार कार्यालय समय सम्म<br>सम्बन्धित शाखा कार्यालय | २०८१/१२/२६ मंगलबार दिनको ३:३० बजे<br>सम्बन्धित शाखा कार्यालय |

माछापुच्छ्रे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित

गरीबहरूको सहायता गर्ने सबैभन्दा राम्रो उपाय भनेको अर्थतन्त्रलाई अझ स्वतन्त्र बनाउनु हो ।
**- थोमस सोवेल**

सम्पादकीय

# चियाको तेस्रो बजार खोजी

**नेपाली चियाको गुणस्तर उत्कृष्ट प्रमाणित भए पनि यसको निर्यात भारतबाहेक तेस्रो मुलुकमा ज्यादै कम भइरहेको छ । तेस्रो मुलकमा निर्यात गर्दा भारतमा भन्दा निकै बढी मूल्य पाइने भए पनि तेस्रो मुलुकको बजारमा प्रवेश गर्न नसक्दा नेपाल आफूले पाउने लाभबाट समेत वञ्चित हुनु परेको छ ।**

**नेपाल राष्ट्र बैंकले शुक्रवार सार्वजनिक गरेको एक अध्ययन प्रतिवेदनअनुसार अर्ग्यानिक सर्टिफाइड चियामध्ये ६३ प्रतिशत भारत निर्यात हुने गरेको छ भने २२ प्रतिशत भारतबाहेक तेस्रो मुलुक र १५ दशमलव ४३ प्रतिशत स्वदेशमै खपत हुने गरेको छ । भारतको दार्जलिङ चिया निकै प्रख्यात छ । त्यस्तै भूगोल र हावापानी भएको इलामको नेपाली चियाको गुणस्तर राम्रो मानिन्छ । अझ दार्जलिङको चियाबारी निकै पुरानो भएकाले र नेपालका चियाबारी नयाँ भएकाले राम्रो चिया उत्पादन हुने विश्वास गरिन्छ । गतवर्ष चीनमा भएको प्रतियोगितामा नेपाली चियालाई उत्कृष्ट भनी पुरस्कृत गरिएको थियो । तर, नेपाली चियाले विश्व बजारमा पर्याप्त प्रचार पाउन सकेको छैन । चिया निर्यातमा केही समस्या भएकाले पनि तेस्रो बजार पाउन नसकेको देखिन्छ ।**

**नेपाली चिया भारतमा अत्यधिक निर्यात भए पनि त्यहाँ मूल्य सबैभन्दा कम छ । अध्ययन प्रतिवेदनअनुसार यस्तो चियाको बजार मूल्य भारतमा प्रतिकिलो औसत ५८४ रुपैयाँ ८० पैसा छ जबकि तेस्रो मुलुकमा औसत प्रतिकिलो १ हजार ४३२ रुपैयाँ १० पैसा मूल्य छ । नेपालमै पनि प्रतिकिलो औसत ९४१ रुपैयाँ ६० पैसा मूल्य छ । सबै खाले चियाको औसत हिसाब गर्दा र भारतमा प्रतिकेजी निर्यात मूल्य २८१ रुपैयाँ मात्रै छ । त्यसैले चियाका लागि तेस्रो बजार खोजी गरिनुपर्छ ।**

**नेपाली चियाले बजार पाउन सक्ने देखिए पनि सरकारले पर्याप्त पहल नगरिदिंदा नेपाली चिया निर्यात हुन सकेको छैन । यसो हुनुको एउटा कारण प्रचारकै कमी हो । अर्कोचाहिँ चियाखेतीमा विषादी वा रासानिक मलको प्रयोग बढ्नु हो । यसमा रोक लगाउन सकिएन भने नेपाली चिया तेस्रो मुलुकमात्र होइन भारतमै पनि निर्यात गर्न समस्या हुन्छ ।**

**कृषि उत्पादनमा सेनेटरी र फाइटोसेनेटरी प्रमाणपत्र आवश्यक हुन्छ । यस्तो प्रमाणपत्र प्रदान गर्दा कृषि उत्पादनको परीक्षण गरिन्छ र प्रमाणपत्र दिइन्छ । यो विश्वव्यापी मान्यता हो । भारतमै पनि निर्यातका लागि यस्तो प्रमाणपत्र चाहिन्छ । तर, नेपालमा यस्ता प्रयोग गर्ने र तिनले दिएको प्रमाणपत्रलाई विश्वव्यापी मान्यता पाउने खालको प्रयोगशाला नै छैन । नेपालले अन्तरराष्ट्रिय मान्यताप्राप्त प्रयोगशाला नबनाउँदा चीनतर्फ निर्यात गर्न सकिने कृषि उत्पादनको निर्यातमा समस्या आएको छ । भारतले अहिले पनि नेपालको तयारी चिया कोलकातास्थित सेन्ट्रल फुड ल्याब (सीएफएल) को परीक्षण पास भएपछि मात्रै आयात गर्छ । तर यो परीक्षण गराउन निकै झन्झटिलो र महँगो परिरहेको निर्यातकर्ताको गुनासो छ । प्रयोगशालाको रिपोर्ट कुर्न साता–१० दिन लाग्ने र कुनै न कुनै बहानामा नेपाली चिया भारत लैजान भारतीय भन्सारमै अवरोध पुऱ्याउने गरिएको छ । त्यसैले नेपालल भारतको विकल्पमा अर्को बजार खोज्न ढिला भइसकेको छ ।**

**गतवर्ष चिनियाँ व्यापारीहरू आएर नेपाली चिया मन पराएको र चिया खरीद गर्न तयार भएको समाचार आएको थियो तर त्यसतर्फ चिया निर्यात कति बढेको छ भन्ने तथ्यांक आएको देखिँदैन । त्यस्तै पाकिस्तान पनि नेपाली चियाको बजार हुन सक्ने देखिन्छ । तर, यी दुवै बजारमा भारतमा भन्दा केही बढी मूल्य पाइए पनि यूरोप र अमेरिकी बजारजस्तो बढी भने छैन । त्यसैले नेपालले यूरोप र अमेरिकी बजारतर्फ आँखा लगाउन आवश्यक छ ।**

**यसका लागि आर्थिक कूटनीति प्रभावकारी हुनुपर्छ । नेपालका राजदूतले नेपाली चियाको बजार खोजीका लागि काम गरेको देखिँदैन । सरकारले पहल नगर्ने हो र व्यवसायीलाई सहयोग नगर्ने हो भने तेस्रो मुलुकमा चिया निर्यात गर्न गाह्रो पर्न सक्छ र सधैं भारतको मुख ताक्नुपर्ने अवस्था रहिरहन्छ ।**

- **चियाको बजार मूल्य भारतमा प्रतिकिलो औसत ५८४ रूपैयाँ ८० पैसा छ जबकि तेस्रो मुलुकमा औसत प्रतिकिलो १ हजार ४३२ रूपैयाँ १० पैसा मूल्य छ ।**
- **नेपालले अन्तरराष्ट्रिय मान्यताप्राप्त प्रयोगशाला नबनाउँदा चीनतर्फ निर्यात गर्न सकिने कृषि उत्पादनको निर्यातमा समस्या आएको छ ।**
- **नेपालका राजदूतले नेपाली चियाको बजार खोजीका लागि काम गरेको देखिँदैन ।**

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## 'तरलताको अवस्थालाई तत्कालै सम्बोधन गर्नुपर्छ'

विद्यमान तरलता अवस्थालाई नेपाल राष्ट्र बैङ्कले तत्कालै सम्बोधन गर्नुपर्ने नेपाल बैंकर्स सङ्घका अध्यक्ष एवं सिटिजन्स बैङ्कका प्रमुख कार्यकारी अधिकृत राजनसिंह भण्डारीले बताएका छन् । आइतवार आर्थिक अभियान दैनिकसँगको विशेष कुराकानीमा अध्यक्ष भण्डारीले यस्तो बताएका हुन् । अहिले बैङ्किङ प्रणालीमा तरलता सङ्कटको अवस्था आइनसके पनि त्यसको सङ्केत देखिएकाले तत्कालै समाधान गर्नुपर्ने उनको तर्क थियो । तरलता सङ्कट भइसकेपछि समाधानको प्रयास गर्नुभन्दा त्यो अवस्था आउनै नदिनु उचित हुने उनले बताए । 'रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्न नदिनु बेस भएजस्तै तरलता सङ्कट आउनुअघि नै रोकथाम गर्नु बुद्धिमानी हुन्छ,' भण्डारीले भने । अहिलेको तरलता अवस्थालाई सहज बनाउन नेपाल बैंकर्स सङ्घले राष्ट्र बैङ्कसमक्ष सरकारी ऋणपत्रको धितोमा 'रिपो' नगद उपलब्ध गराउन आग्रह गरेको पनि भण्डारीले जानकारी दिए ।

**वर्ष ८, अंक १५२, सोमवार, ७ फागुन, २०६९**

# राजधानीका सडकपेटीमा ग्रेनाइट

## बिपी राजमार्गको बिग्रिएको सडक खण्ड कहिले बन्ला ?



**बीपी राजमार्गको बिग्रिएको सडक खण्ड बनाउनेतर्फ ६ महीना बितिसक्दा पनि कुनै विकल्प वा सोच नआएको देख्दा लाग्छ, बीपी राजमार्गको बिग्रिएको १८ किलोमीटर खण्ड बन्न अर्को ३० वर्ष लाग्नेछ । यसो भए पनि कुनै आश्चर्य नमाने हुन्छ ।**

**कृष्ण प्रधान**

- **बेला कुबेला चर्चामा पुग्ने काममा लाग्ने गणतन्त्रकालीन नेताहरूको कमी छैन ।**
- **छ महीनासम्म बिग्रेको सडकका बारेमा सरकारले न कुनै निर्णय गर्न सकेको देखिन्छ न कुनै स्रोतसाधनकै टुंगोमा पुगेको छ ।**
- **करीब ९ अर्बको स्रोत आवश्यक पर्ने र त्यस्तो स्रोतको कुनै निश्चितता नभएको भनी फाइलहरू एक मन्त्रालयबाट अर्को मन्त्रालयमा ओहोरदोहोर भइरहेका छन् ।**
- **सरकारले बीपी राजमार्ग पुनर्निर्माण नामक विकास ऋणपत्रमार्फत रकम जोहो गर्न सक्छ ।**
- **पहिले जापानले बनाइदिएको थियो भनेर अब पनि उसैको शरणमा जाने मनोविज्ञान राख्नु हुँदैन ।**

अहिले राजधानी काठमाडौंको केन्द्रमा रहेको राजदरबारअगाडिको सडक पेटीमा ग्रेनाइट बिच्छ्याउने काठमाडौं महानगरीय योजनाको चर्चाले सार्वजनिक तरंग ल्याएको छ । यसो त काठमाडौंका मेयर र देशका अरू केही मेयरसाबहरूको कामकारबाहीले पनि बेला कुबेला चर्चाका तरंगहरू नल्याएका होइनन् । कोही राजधानीको व्यस्त सवारी गुड्ने स्थानमा ज्यानै जोखिमपूर्ण हुनेगरी साइकल लेन बनाएका कुराले होस् वा कोही पानीका धाराले शहरवासीलाई नुहाइदिने कुराले होस् वा कोही सुकुलका फर्निचर बिच्छ्याएर कार्यालय सञ्चालन गरेका कुराले होस् बेला कुबेला यस्ता चर्चामा पुग्ने काममा लिप्त गणतन्त्रकालीन नेताहरूको कमी छैन । तिनका कामका चर्चा आफ्ना ठाउँमा होलान् । तर, यो लेखकजस्तै धेरैलाई भने यसबेला गएको असोजमा आएको बाढीले तहसनहस र नामेटै पारेको जापान सरकारले उपहारस्वरूप बनाइदिएको बीपी राजमार्गको भकुन्डेबेंशी (खुर्कोट खण्डको करीब १८ किलोमीटर सडक कहिले बन्ला र राजधानी आवतजावतको सवारी आवागमन सहज होला भन्ने चिन्ताले पिरोलेको छ । सरकारले पक्कै पनि केही काम शुरू गरिसकेको होला तर वर्षाअगावै त्यो राजमार्ग पूर्ण रूपमा पूर्ववत् सञ्चालन हुनेमा भने पूरै आशंका छ ।

हुन त राजधानी प्रवेशका अरू विकल्प छन् तर तिनका दुरवस्था पनि उस्तै उस्तै छन् । पूर्वतिरको दूरी जोड्ने सबैभन्दा छोटो राजमार्ग भएकैले पनि बीपी राजमार्गको कुरा गरिएको हो । त्यहाँ दिनमा ५ हजारभन्दा बढी सवारीसाधन गुड्छन् भनिएको छ । अहिले बिग्रिएको खण्डमा खोलाका किनारैकिनार बगरमाथि नै अस्थायी बाटोमा सवारी गुडिरहेका भए पनि तिनको हरिबिजोग हेरी नसक्नुको छ । अब वर्षायाम आउन खासै समय धेरै छैन । त्यो बेलामा ती स्थानबाट सवारी आवतजावतको परिकल्पना पनि गर्न सकिँदैन । सरकारले अहिले जसोतसो सवारी गुडिरहेकैले होला त्यो बनाउनेपट्टि कहिले स्रोतको त कहिले दाताको भरका सम्भावनालाई देखाएर आफ्नो काम पन्छाएजस्तो मात्र गरेको देखिन्छ । छ महीना त यसै बितिसकेको छ । जेठदेखि त पानी पर्न थाल्ने होइन, वर्षात् नै शुरू भइसक्छ । त्यो बेला अहिलेका खोलाकिनारा जलमग्न होलान् । छ महीनासम्म त्यो सडकका बारेमा सरकारले न कुनै निर्णय गर्न सकेको देखिन्छ न कुनै स्रोत र साधनकै टुंगोमा पुगेको छ । कमसे कम अहिले त्यो बिग्रिएको खण्डलाई कसरी पूर्ववत् अवस्थामा लगेर सवारी आवागमन शुरू गर्ने भन्ने चिन्ता हुनपर्ने हो, त्यो भएको देखिएन । हल्ला नै सही, अहिले त्यो बनाउन करीब ९ अर्बको स्रोत आवश्यक पर्ने र त्यस्तो स्रोतको कुनै निश्चितता नभएको भनी फाइलहरू एक मन्त्रालयबाट अर्को मन्त्रालयमा ओहोरदोहोर गर्ने कामबाहेक कुनै कामको सिन्का भाँचिएको रहेनछ । संसद्मा पनि यसबारे कुनै नेताहरूले चासो राखेको पाइएन ।

सडक बनाउने कुरा आजको भोलि नै हुने विषय होइन । पक्कै पनि यसमा समय लाग्छ । स्रोतको पनि जोगाड गर्नुपर्छ । बीपी राजमार्गकै कुरा गर्दा पनि त्यो तीसौं वर्षमा बनेको हो । तर, दृढ इच्छाशक्ति भयो भने छिटै पुनर्निर्माण गर्न सकिन्छ । दृढ इच्छाशक्ति भएकै र निर्णय गर्ने एकाधिकार भएरै होला काठमाडौंका मेयरले सडकपेटी पनि ग्रेनाइटले सिंगारेर कमसे कम केही नभए पनि नेपाल यूरोपीय शहरका तुलनामा जाँदै छ है भन्ने सन्देश छाडेका होलान् । त्यो उनकै कुरा भयो । तर, अहिले के राजधानीका सडकपेटीहरूमा ग्रेनाइट र सिंगमर्मर बिच्छ्याउनुपर्ने आवश्यकता वा प्राथमिकता हो ? यो प्रश्न उत्तरचाहिँ आमचासोको हुनुपर्ने हो, त्यो देखिएन । खालि चिप्लिने र नचिप्लिने कुरामा सामाजिक सञ्जाल र सञ्चारजगत् भरिएको देखिन्छ । कसैलाई ५ वर्षमा राजधानीलाई सिंगारेर अर्को ५ वर्ष सुनिश्चित गर्ने रहर होला । त्यो अर्कै कुरा हो । कसैलाई सिंगमर्मरको सडकमा हिँड्ने सपना पनि होला । यूरोप होइन, सिंगापुरैमा सही, तर सिंगापुर र यूरोपले त्यहाँसम्म पुग्न पनि पहिले धूलाम्मे र कहिले ग्राभेल र कहिले ढुंगाकै पेटीका अवस्था पार गरेरै आए पनि होलान् । हामीलाई अहिले इँटा छापिएका वा ढुंगाका पेटी बिच्छ्याइका सडकपेटीमा हिँड्न पाए स्वर्गको अनुभूति हुन्थ्यो । पचासौं लाखको आवादी भएको राजधानीमा अहिले सिंगमर्मर र ग्रेनाइटले सडक सजाउने होइन कि प्रत्येक ५ सय मीटरमा एक स्वच्छ र सफा अनि सहज र निःशुल्क सार्वजनिक शौच गर्ने स्थानको खाँचो छ । त्यो कामको चाहिँ प्राथमिकता कसैले देखेनन् । पाँच करोडको लागतले त राजधानीमा कयौं राम्रा शौचालयको व्यवस्था गर्न सकिएला पनि । औंलामा गन्न सकिने केही बनेका वा व्यवस्थापन गरिएका होलान् तर ती कसैका लागि खल्ती बलियो बनाउनमै ध्याउन्नरत मात्र रहेका भेटिएका छन् ।

अब एकछिन यो सडक पुनर्निर्माणकै स्रोतको चिन्तन गरौं । पहिलो त, हाम्रो मानसिकता दाताकेन्द्री मात्र हुन भएन । आफ्नै स्रोतमा कसरी निर्भर रहने भन्ने सोचचाहिँ थाल्नुपऱ्यो । दशकौंदेखि बूढीगण्डकी बिजुली आयोजना बनाउन भनेर सरकारले पेट्रोलियम पदार्थमा प्रतिलिटर १० रुपैयाँ असुल्दै आएको अर्बौं अर्बको रकम त्यसै थन्किएको छ । त्यो परिचालन गरेर पनि यो सडक खण्डको काम थाल्न सकिन्छ । बूढीगण्डकी अहिले बन्ने नै होइन । अर्को ५० वर्षमा पनि नथालिएला । त्यसको जोहो भइसकेको रकम यसमा परिचालन गर्न सकिन्छ । दोस्रो उपाय चाहने हो भने सरकारले अहिले त्यहाँ गुड्ने सवारीसाधनमा केही सडक कर लगाएर पनि कोष बनाउन सकिन्छ । तर, सरकारको दृढ इच्छाशक्ति चाहिन्छ । त्यस्तै यसरी उठेको रकमको पारदर्शिता पनि हुनुपर्छ । उदाहरणका लागि दैनिक ५ हजार सवारी गुड्ने आधारमा ५० रुपैयाँ नै सही पटके कर लगाएर पनि सडक बनाउने स्रोत जोहो गर्न सकिन्छ । त्यो भनेको महीनाको १ लाख ५० हजारको आवागमन हो ।

अर्थात् वर्षको ९ करोड रकम संकलन गर्न सकिन्छ । तेस्रो विकल्प भनेको सरकारले विकास बन्ड जारी गरेर पनि रकम संकलन गर्न सक्छ । बीपी राजमार्ग पुनर्निर्माण नामक विकास ऋणपत्रमार्फत रकम जोहो गर्ने हो र सरकार त्यो सडक निर्माण गर्न प्रतिबद्ध, कटिबद्ध र समर्पित छ भन्ने सन्देश दिएर काम थाल्छ भने नागरिकले अहिले बैंक बचतको ब्याज कम भइरहेका बेला ९ प्रतिशतको बन्ड मज्जैले खरीद गर्छन् । बैंकहरूलाई पनि तरलता व्यवस्थापनका लागि नीति बनाइदिए भयो । पाँच वर्षको समयसीमा दिएर त्यो काम सम्पन्न हुन्छ भन्ने सरकारी कटिबद्धता जाने हो भने त्यति रकम संकलन गर्न सकिन्छ । अमुक अमुक राष्ट्रले देलान् भनेर कुरिरहनु पर्दैन । पहिले जापानले बनाइदिएको थियो भनेर अब पनि उसैको शरणमा जाने मनोविज्ञान राख्नु हुँदैन । दाताले दिने कुरा हाम्रो हातमा हुँदैन पनि । चौथो समपूरक विकल्प माथिकै प्रसंगलाई जोडेर हेर्ने हो भने महानगरले ५ करोड रुपैयाँ सडक पेटीका लागि फाल्न सक्छ भने यो देशका प्रत्येक स्थानीय सरकारहरूले समानुपातिक आधारमा केही रकम यो सडक निर्माणका लागि सहयोगबाट जोहो गर्न नसकिने होइन ।

विकल्पहरू धेरै हुनसक्छन्, छन् । अहिले यो राजमार्ग राजधानी ओहोरदोहोरका लागि एक लाइफलाइनजस्तै भएको कुरा त सबैलाई विदितै भएको कुरा हो । तर, त्यो सडक खण्ड बनाउनेतर्फ भने ६ महीना बितिसक्दा पनि कुनै विकल्प वा सोच नआएको देख्दा लाग्छ बीपी राजमार्गको बिग्रिएको १८ किलोमीटर खण्ड बन्न अर्को ३० वर्ष लागिहालेछ भने पनि कुनै आश्चर्य नमाने हुन्छ ।

*प्रधान नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक हुन् ।*

# डार्क फ्याक्ट्री : कहिल्यै नसुत्ने कारखाना

चीनले डार्क फ्याक्ट्रीहरूलाई तीव्र रूपमा अपनाउँदै छ । मेड इन चाइना २०२५ रणनीतिअन्तर्गत चीनले रोबोटिक्स, एआई स्मार्ट फ्याक्ट्रीहरूमा ठूलो लगानी गरिरहेको छ । २०२२ मा विश्वभर स्थापना भएका २९०,३६७ औद्योगिक रोबोटहरूमध्ये ५२ प्रतिशत चिनियाँ थिए । फक्सकनले २०१६ मा कुनशान फ्याक्ट्रीमा ६०,००० श्रमिकहरूलाई रोबोटले प्रतिस्थापन गऱ्यो । अँध्यारो प्रणालीले उद्योगको ऊर्जा खपत १५-२० प्रतिशतले घटाउने अनुमान गरिएको छ ।

तर, चीनमा स्वचालनले रोजगारी संकट निम्त्याउन सक्छ । अक्सफोर्ड इकोनोमिक्सले २०१७ मा २०३० सम्म १.२ करोड चिनियाँ रोजगारीहरू रोबोटले विस्थापित गर्ने प्रक्षेपण गरेको थियो । डार्क फ्याक्ट्रीहरू उत्पादनको नयाँ अध्याय हुन् तर समाजलाई यस परिवर्तनसँग सामञ्जस्य गराउन आवश्यक छ ।

स्वचालन (अटोमेशन) र कृत्रिम बुद्धिमत्ता (एआई) को विकासले विश्वभरका उद्योगहरू रूपान्तरित भइरहेका छन् र उत्पादनमूलक क्षेत्र यसको अपवाद होइन । पछिल्ला वर्षहरूमा भएको सबैभन्दा महत्त्वपूर्ण परिवर्तनमध्ये एक डार्क फ्याक्ट्री अर्थात् पूर्णरूपमा स्वचालित उत्पादन केन्द्रहरूको अवधारणा हो, जसले मानव हस्तक्षेपको आवश्यकता हटाउँदै छ । तर, के यी फ्याक्ट्रीहरू औद्योगिक उत्पादनको भविष्य हुन् वा तिनीहरूले ल्याउने चुनौतीहरू फाइदाभन्दा गम्भीर छन् ?

### डार्क फ्याक्ट्री भनेको के हो ?

डार्क फ्याक्ट्री भनेको पूर्णरूपमा स्वचालित उत्पादन केन्द्र हो, जहाँ रोबोट, एआई प्रणालीहरू र इन्टरनेट अफ थिङ्स उपकरणहरूले सबै उत्पादन प्रक्रियाहरू सम्हाल्छन् । यी फ्याक्ट्रीहरू २४सै घण्टा सञ्चालन गर्न डिजाइन गरिएका हुन्छन्, जसमा मानव श्रमको आवश्यकता पर्दैन । यी कारखानामा कामदार हुँदैनन्, तिनलाई उज्यालोको आवश्यकता पनि हुँदैन ।

### कम्पनीहरू डार्क फ्याक्ट्रीहरूमा किन लगानी गरिरहेका छन् ?

धेरै कारणले गर्दा आधुनिक निर्माण उद्योगमा डार्क फ्याक्ट्रीहरू लोकप्रिय बन्दै गएका छन् ।

बढ्दो दक्षता एउटा कारण हो । स्वचालित प्रणालीहरूले मानव श्रमभन्दा छिटो र सही तरीकाले काम गर्छन्, जसले उत्पादनमा हुने त्रुटिहरू घटाउँछ र उत्पादनको मात्रा बढाउँछ । अर्को फाइदा भनेको लागत घटाउनु हो । मानव श्रम हटाउँदा ज्याला, लाभ र कार्यस्थल सुरक्षासँग सम्बन्धित खर्चहरू घट्छन् । निरन्तर सञ्चालन हुनु अर्को फाइदा हो । मानिसहरूलाई आराम, बिदा, वा निद्राको आवश्यकता पर्छ तर मेशिनहरू विना अवरोध लगातार चल्न सक्छन् । त्यस्तै खतरनाक वातावरणमा पर्ने काम रोबोटहरूले गर्न सक्ने भएकाले कार्यस्थलमा दुर्घटनाहरू घट्छन् ।

एआईमा आधारित उत्पादन प्रणालीहरूले बजारको मागअनुसार छिट्टै समायोजन गर्न सक्ने क्षमता राख्छन् जसका लागि धेरै श्रमिकहरूलाई तालिम दिइरहन आवश्यक पर्दैन ।

### डार्क फयाक्ट्रीहरू कार्यान्वयन गर्ने कम्पनीहरू

अहिले डार्क फ्याक्ट्री खोल्नेमा चीनको बढी चर्चा भए पनि धेरै अग्रणी कम्पनीहरूले पहिले नै स्वचालित उत्पादनमा ठूलो फड्को मारिसकेका छन् । यहाँ केही उदाहरण छन् ।

फ्यानुक (जापान) : फ्यानुक विश्वको सबैभन्दा प्रसिद्ध डार्क फ्याक्ट्री सञ्चालन गर्ने कम्पनीमध्ये एक हो । जापानमा रहेको यस कम्पनीको फ्याक्ट्रीमा पूर्णरूपमा स्वचालित उत्पादन लाइनहरू छन्, जहाँ रोबोटहरूले रोबोटहरू उत्पादन गर्छन् ।

सिमेन्स (जर्मनी) : सिमेन्सले आफ्ना इलेक्ट्रोनिक्स उत्पादन एकाइमा डार्क फ्याक्ट्रीहरू जोडेको छ । जर्मनीको एम्बर्ग प्लान्टले ९९ दशमलव ९९ प्रतिशत गुणस्तर प्रदान गर्छ जसले एआईमा आधारित उत्पादनको प्रभावकारिता प्रमाणित गर्छ ।

टेस्ला (अमेरिका) : एलन मस्कको टेस्लाले आफ्नो गिगा फ्याक्ट्रीहरूमा स्वचालनको प्रयोग गरिरहेको छ । हाललाई, टेस्लाका फ्याक्ट्रीहरूमा मानव सुपरभिजन आवश्यक छ, तर भविष्यमा पूर्ण स्वचालनतर्फ जान खोजिरहेको छ ।

लाइट्स-आउट सीएनसी मेशिनङ (चीन) : चीनले डार्क फ्याक्ट्रीहरूलाई द्रुत गतिमा अपनाएको छ, विशेष गरी सीएनसी (कम्प्युटर न्युमेरिकल कन्ट्रोल) मेशिनिङ क्षेत्रमा । उच्च-सटीकयुक्त इन्जिनीयरिङ तथा ठूलो परिमाणको उत्पादनका लागि केही चिनियाँ निर्माण कम्पनीहरूले पूर्णरूपमा स्वचालित फ्याक्ट्रीहरू स्थापना गरिरहेका छन् ।

एडिडास (जर्मनी र अमेरिका) : एडिडासले जर्मनी र अमेरिकामा स्पीड फ्याक्ट्री नामक स्वचालित फ्याक्ट्रीहरू सञ्चालन गरेको थियो जसमा न्यूनतम मानव संलग्नताका साथ रोबोट र एआईद्वारा जुत्ता निर्माण गरिन्थ्यो । तर, विभिन्न चुनौतीका कारण एडिडासले यी फ्याक्ट्रीहरू बन्द गरेको छ ।

### डार्क फ्याक्ट्रीका चुनौतीहरू

डार्क फ्याक्ट्रीहरूसँग धेरै फाइदा भए पनि तिनमा केही चुनौती पनि छन् :

उच्च प्रारम्भिक लागत पहिलो चुनौती हो । पूर्णरूपमा स्वचालित फ्याक्ट्री स्थापना गर्न ठूलो लगानी आवश्यक पर्छ । रोजगार गुम्ने खतरा अर्को चुनौती हो । मानव श्रमिक हटाइने भएकाले बेरोजगारी बढ्न सक्छ । प्राविधिक समस्या पनि एउटा चुनौती हो । यदि स्वचालन प्रणालीहरूमा कुनै त्रुटि आयो भने सिंगो उत्पादन प्रक्रिया नै रोकिन सक्छ । त्यस्तै अर्को चुनौती लचिलोपनको अभाव हो । मानव श्रमिकहरू परिवर्तनशील मागअनुसार छिटो अनुकूल हुन सक्छन् तर मेशिनहरूलाई नयाँ कार्यका लागि पुनःप्रोग्राम गर्न समय लाग्छ । साइबर सुरक्षाको जोखिम अर्को चुनौती हो । एआई र आईओटीमा आधारित यी प्रणाली साइबर आक्रमणको जोखिममा रहन्छन् ।

### के डार्क फ्याक्ट्रीहरू नै उद्योगको नयाँ रूप बन्नेछ ?

औद्योगिक उत्पादनको भविष्य पूर्णरूपमा डार्क फ्याक्ट्रीमा रूपान्तरण नहुन सक्छ बरु मानव र स्वचालनको संयोजनमा आधारित हाइब्रिड मोडेलको विकास हुनेछ । एआइमा आधारित फ्याक्ट्रीहरू इलेक्ट्रोनिक्स, अटोमोबाइल, र उच्च-सटीक इन्जिनीयरिङजस्ता क्षेत्रमा प्रचलित हुने सम्भावना छ । अनुकूलन तथा कलात्मक दक्षता आवश्यक पर्ने उद्योगहरू भने मानव श्रमिकमा निर्भर रहनेछन् ।

सरकार तथा व्यवसायहरूले श्रमिकहरूको पुनः प्रशिक्षण, रोजगारी सृजना र एआईसम्बन्धी नीतिहरू तय गर्नुपर्छ, ताकि स्वचालन समाजका लागि लाभदायी बनोस् । डार्क फ्याक्ट्रीहरूले उत्पादन क्षेत्रलाई महत्त्वपूर्ण रूपान्तरण ल्याइरहेका छन् जसले दक्षता, लागत नियन्त्रण र विस्तार गर्ने क्षमता बढाएको छ । तर, रोजगारी, लचिलोपन र सुरक्षाका विषयमा गहिरो छलफल आवश्यक छ ।

*एजेन्सीको सहयोगमा*

### भन्सार कार्यालयअनुसार चालू आव २०८१/८२ को फागुनसम्मको आयात निर्यात

रु हजारमा

| कार्यालय | आयातमूल्य | आयात हिस्सा | निर्यात मूल्य | निर्यात हिस्सा |
|---|---|---|---|---|
| भद्रपुर | ३४८,४०८.११६२ | ०.०३०४१३६१६ | ५० | ३.१६१११ |
| भैरहवा | १६७,०८८,७५४ | १४.५८५६९११८ | ११,९२८,४४२ | ७.५४१४१८००९ |
| विराटनगर | १३१,७४०,६१७ | ११.५०००४३५९ | ४०,२३९,१३६.८२ | २५.४४००४९१९ |
| वीरगञ्ज | ३९०,०९५,९७२.२ | ३४.०५२६७७०५ | ५३,२५९,०२६.२४ | ३३.६७१५०३७७ |
| चोभार | ८५९,७४८.४३५३ | ०.०७५०५००८५ | ० | ० |
| ड्राइपोर्ट | १४६,४६९,६१८.६ | १२.७८५७८३४३ | ३,२८७,२८५.६१४ | २.०७८२९२७८५ |
| गौर | ७७०,८७७.३५९९ | ०.०६७२९२२५५ | २,२५४.४०९९४ | ०.००१४२५२८७ |
| गौतम बुद्ध विमानस्थल | ६८,६४७.५०३३ | ०.००५९९२४५२ | ० | ० |
| जलेश्वर | ७,५०३,६२३.१३२ | ०.६५५०१४३३९ | १,५०२,३८२.४७७ | ०.९४९८३८५६८ |
| जनकपुर | १,०२२,३६४.९८९ | ०.०८९२४५३८४ | ० | ० |
| कैलाली | १५,३६४,९२२.१६ | १.३४१२५१३०६ | ६५६,१७३.९४६ | ०.४१४८४७३०५ |
| कञ्चनपुर | १,२६३,०२८.६८७ | ०.११०२५३६५८ | ४,८१८.४५४४ | ०.००३०४६३३१ |
| कृष्णनगर | १५,५८१,२२४ | १.३६ | १,८४४,४८३ | १.१७ |
| महेशपुर | ३६२,५४७ | ०.०३ | ० | ०.०० |
| मेची | ३०,८६७,००८ | २.६९ | १७,९०४,८६६ | ११.३२ |
| नेपालगञ्ज | ४९,४२१,९४६ | ४.३१ | १,९५४,४७४ | १.२४ |
| पशुपतिनगर | ७०१ | ०.०० | ३९,२१७ | ०.०२ |
| राजविराज | १३२,७१५ | ०.०१ | ० | ०.०० |
| रसुवा | ५४,११०,२३२ | ४.७२ | १,७२४,६५७ | १.०९ |
| सर्लाही | २,५७३,९६२ | ०.२२ | ७८३,६७६ | ०.५० |
| सती | ३४२,१३९ | ०.०३ | ७८० | ०.०० |
| सिरहा | २६७,१७१ | ०.०२ | १६ | ०.०० |
| सुनसरी | १,४९३,६७३ | ०.१३ | ० | ०.०० |
| सुथौली | २,९७४,२३८ | ०.२६ | ० | ०.०० |
| तातोपानी | २९,८०३,७३३ | २.६० | ० | ०.०० |
| ठाडी | १०,८६७ | ०.०० | ० | ०.०० |
| त्रिभुवन विमानस्थल | ९५,०२७,०३८ | ८.३० | २३,०४०,६६२ | १४.५७ |
| त्रिवेणी | ४६५ | ०.०० | ० | ०.०० |
| जम्मा | १,१४५,५६६,२४० | १०० | १५८,१७२,४०१.८ | १०० |

*स्रोत : भन्सार कार्यालय*

बाँकी पृष्ठ १ बाट ...

**१४ घण्टासम्म ...**

प्राधिकरणले दिउँसो पूरै विद्युत् दिएर रातिमा काटेको बताउँदै आएको छ । तर, २४सै घण्टा नचलाउने हो भने सबै उद्योगले काम गर्न छोड्ने र उत्पादन हुँदै गरेको वस्तु कवाडीमा परिणत हुने उनीहरूको भनाइ छ ।

निर्बाध रूपमा २४सै घण्टा मागबमोजिम विद्युत् आपूर्ति गर्न वा बत्ती दिन नसक्ने हो भने औपचारिक रूपमा यो यो उद्योगमा हामीले लोडशेडिङ गरेका छौं भनी सर्वसाधारणलाई सूचना दिन उनीहरूले आग्रह गरे ।

प्राधिकरणले २०७५ वैशाखमा औद्योगिक क्षेत्रमा पनि लोडशेडिङ अन्त्य भएको घोषणा गरेको थियो । तर, ती संघले भने उद्योगमा २०७५ देखि नै लोडशेडिङ रहेको र अहिले १२ घण्टा विद्युत् आपूर्ति बन्द गरिएको दाबी गरेका छन् ।

'लोडशेडिङ अन्त्य भयो भनेपछि पनि हरेक वर्ष पुस-माघदेखि जेठ अन्त्यसम्म करीब ६ महीना पूरै लोडशेडिङ गरिएको विषय स्पष्ट छ । प्राधिकरण लोडशेडिङ गरेको छु भन्न सक्दैन, भन्दैन । तालिका माग्दा लोडशेडिङ नै छैन भन्ने झूटो र भ्रामक प्रचारबाजीमा लागिरहेको छ । हामी अधिकांश मानिस असत्य विषयलाई सत्य मानिरहेका छौं,' तीन व्यावसायिक संस्थाले भनेका छन् ।

**विराटनगर आईसीपीदेखि ...**

बथनाहादेखि आईसीपीसम्मको ७ दशमलव ६ किलोमीटर रेलमार्ग भने सञ्चालनमा आइसकेको छ । दुवै देशका प्रधानमन्त्रीले उद्घाटन गरेपछि आईसीपीसम्म कार्गो रेल आइसकेको छ । विराटनगरको आईसीपीदेखि थप १० किलोमीटरको समेत ८० काम प्रतिशत पूरा भइसकेको छ । विवादित क्षेत्रको एक किलोमीटरमा मात्र काम हुन नसकेको हो । बथनाहाबाट ७ दशमलव ६ किलोमीटर विराटनगर आईसीपीसम्मको रेलमार्गमा २०८० जेठ १८ गते भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले नयाँ दिल्लीबाट संयुक्त रूपमा हरियो झन्डा देखाएर उद्घाटन गरेपछि पहिलोपटक कार्गो रेल आएको थियो । त्यसपछि स्थानीय उद्योगी व्यवसायीले नेपालको कस्टम यार्डबाट लोड-अनलोड गर्दा खर्च बढी भयो भन्दै जोगवनी रेल स्टेशनबाटै माल ओसारपसार गरिरहेकाले अहिले नेपाल कस्टम यार्ड सुनसान छ ।

कटहरी गाउँपालिकाका अध्यक्ष देवराज चौधरीका अनुसार असोज ७ गते सर्वोच्चले स्थानीयको माग दाबी नपुग्ने भन्दै मुद्दा खारेज गरिदिएपछि अब रेलवेको काम सुचारु हुनेमा आफूलगायत स्थानीय उत्साहित रहेको बताए । तर, रेलवे विभागले भारतीय रेलवेको ठेकेदार कम्पनी इरकोनलाई पत्र लेख्न आनाकानी गरिरहेकाले काम केही विलम्ब हुने हो कि भन्ने शंका उत्पन्न भएको उनको भनाइ छ ।

सरकारले अधिग्रहण गरेको ११९ बिगाहामध्ये ५ बिगाहाको मुआब्जा गतवर्ष किसानकै बैंक खातामा जम्मा गरिदिएको छ । सरकारले मुआब्जा रकम किसानको बैंक खातामा जम्मा गरे पनि उनीहरूले अस्वीकार गर्दै आएका थिए । अब उनीहरूले पहिलेकै मुआब्जामा चित्त बुझाउनुपरेको स्थानीयले बताए ।

रकम लिन बाँकी दिगम्बर माझी थारूलाई ७७ लाख ४२ हजार ९६४ रुपैयाँ, पूर्णी माझी थारूलाई २३ लाख ९५ हजार २१२, अर्पणाकुमारी विश्वासलाई १६ लाख १९ हजार ८८१, भंगलु माझीलाई १४ लाख ९५ हजार १६२, गरकी माझी थारूलाई ११ लाख ३० हजार ५९५ रुपैयाँ दिएको छ । यस्तै विश्वनाथ माझीको खातामा ५ लाख ८१ हजार २९७ रुपैयाँ, महावतीदेवी माझीको खातामा ११ लाख ५२ हजार ८५४, गायत्री माझीको खातामा ४ लाख ४९ हजार ६२ रुपैयाँ सरकारले जम्मा गरिसकेको छ । यस्तै अहेश्वरी चौधरीलाई ६ लाख ४२ हजार ३४४, उखाराम विश्वासलाई ९२ हजार ६९१, पातोकुमारी चौधरीलाई ६ लाख ६० हजार ६४५ रुपैयाँ सरकारले दिएको छ । वासुदेव माझी थारूलाई ७ लाख ७३ हजार ११५, बटुलाल माझी थारूलाई ४ लाख १९ हजार ४७२, रामप्रसाद माझीलाई ६ लाख ३७ हजार ६२१, दिगम्बर माझी थारूलाई १८ लाख ८४ हजार ३९ रुपैयाँ सरकारले उपलब्ध गराएको छ । गोलमती माझी थारूलाई ७ लाख ४० हजार ३४९ र लक्ष्मण माझी थारुलाई ६ लाख ३४ हजार ६६९ रुपैयाँ प्रदान गरेको छ ।

# विषादी परीक्षण प्रयोगशाला प्रयोगविहीन

काँक्रेविहार (सुर्खेत) । कर्णाली प्रदेशमा भित्रिने तरकारी तथा फलफूलमा विषादीको मात्रा जाँच गर्न भेरीगंगा नगरपालिका-४, हर्रेमा स्थापना भएको विषादी प्रयोगशाला अलपत्र परेको छ । प्रदेश सरकारले आवश्यक बजेट र जनशक्तिको व्यवस्थापन नगर्दा प्रयोगशाला अलपत्र परेको हो ।

कर्णाली प्रदेश सरकारले ६ वर्षअघि ७० लाख रुपैयाँ विषादी प्रयोगशाला स्थापनाका लागि भवन निर्माण गरेको थियो । कर्मचारी र प्रयोगशालामा आवश्यक उपकरण खरीद गर्ने पर्याप्त बजेट नभएपछि भवन सम्पन्न भए पनि सञ्चालनमा आउन नसकेको प्रयोगशालाका प्रमुख वरिष्ठ कृषि अर्थविज्ञ चित्रबहादुर रोकायले बताए ।

प्रदेशको एकीकृत कृषि प्रयोगशालाका अनुसार भवन निर्माण भए पनि बजेट तथा जनशक्ति नहुँदा सञ्चालन हुन नसकेको हो । रोकायले प्रयोगशाला निर्माण भए पनि आवश्यक उपकरण खरीद र जनशक्ति नहुँदा सञ्चालन हुन नसकेको बताउँदै सरोकार भएका निकायसँग बजेट र जनशक्ति व्यवस्थापनका लागि आग्रह गरिएको जानकारी दिए । उनका अनुसार हालसम्म पनि व्यवस्थापन हुन नसक्दा सञ्चालनमा समस्या भइरहेको हो । मन्त्रालयले हर्रे र सल्यान कपुरकोटको प्रयोगशाला सञ्चालन गर्न २९ लाख रुपैयाँमात्र विनियोजन गरेको जनाउँदै प्रयोगशालाका प्रमुख रोकायले उक्त रकम कम हुने भएकाले ६५ लाख रुपैयाँ बजेट माग गरी मन्त्रालयमा पठाइएको बताए । 'आवश्यक पर्ने उपकरण, सामग्री खरीद गर्न बजेट पुग्दैन । सुर्खेत र कपुरकोटको प्रयोगशालाका लागि ६/६ जना कर्मचारी माग गरेका छौं । *रासस*

## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/१२/११)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

१

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (चन्द्रनगर शाखा, सर्लाही)**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाहीमा मिति २०६९/०५/१४ मा प्र.प.नं.: ४४८९/०६९/७० अन्तर्गत दर्ता भएको **राजदेवी कृषि ईन्जिनियरिङ्ग वर्कसप ।**
ठेगाना : सर्लाही जिल्ला, इश्वरपुर गा.वि.स. वडा नं. ६ ।
**ऋणी फर्मका प्रोप्राइटरः**
रामचलित्र साह तेलीको नाति, उपेन्द्र साहको छोरा, सर्लाही जिल्ला, इश्वरपुर गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल सर्लाही जिल्ला, इश्वरपुर न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. १९३८४९०६८६ (जारी मिति २०५८/०९/०४, स्थान सर्लाही) भएका **वीर वहादुर साह तेली ।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. राम प्रगास साहकी छोरी रामचलित्र साह तेलीकी बुहारी उपेन्द्र साहकी श्रीमति सर्लाही जिल्ला, इश्वरपुर गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल सर्लाही जिल्ला, इश्वरपुर न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. ३९७० (जारी मिति ०४१/७/१३, स्थान सर्लाही) भएकी **गंगावती तेलीन ।**
२. सत्य नारायण साहकी छोरी, उपेन्द्र साहकी बुहारी, संजय कुमार साह तेलीकी श्रीमति सर्लाही जिल्ला, इश्वरपुर गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल सर्लाही जिल्ला, इश्वरपुर न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. १९३०५६/३०१० (जारी मिति ०६३/१२/२७, स्थान सर्लाही) भएकी **ममता कुमारी देवी ।**
३. रामचलित्र साह तेलीको नाति, उपेन्द्र साहको छोरा, सर्लाही जिल्ला, इश्वरपुर गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल सर्लाही जिल्ला, इश्वरपुर न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. ३८४९०७०७ (जारी मिति २०५८/९/२९, स्थान सर्लाही) भएका **संजय कुमार साह तेली ।**
४. जगरुप साहको नाति, रामचलित्र साह तेलीको छोरा सर्लाही जिल्ला, इश्वरपुर गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल सर्लाही जिल्ला, इश्वरपुर न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. ३८४९५२०० (जारी मिति २०५७/७/१४, स्थान सर्लाही) भएका **उपेन्द्र साह ।**
५. सुरेन्द्र साहकी छोरी, उपेन्द्र साहकी बुहारी, वीर वहादुर साह तेलीकी श्रीमति सर्लाही जिल्ला, पर्शा गा.प. वडा नं. ६ स्थायी घर भई हाल सर्लाही जिल्ला, इश्वरपुर न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. ७००५३३४३ (जारी मिति २०५०/२/१०, स्थान सर्लाही) भएकी **शारदा कुमारी ।**

**धितोमा रहेको घर/जग्गाको विवरण**

सर्लाही जिल्ला, इश्वरपुर गा.वि.स. वडा नं. ६ बस्ने, **गंगावती तेलीन**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सर्लाही जिल्ला, इश्वरपुर गा.वि.स. वडा नं. ७, नक्सा सीट नं ७ क मा अवस्थित कि.नं. ११९ क्षेत्रफल १-०-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२

**ऋणीको नाम र ठेगानाको विवरण (चन्द्रनगर शाखा, सर्लाही)**

उत्तिम लाल महतो कोइरीकी छोरी हनुमान महतोकी बुहारी गंगाधर महतोकी श्रीमती, सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. १९-०१-७७-१६९०६ (जारी मिति २०७७/०८/११, स्थान सर्लाही) भएकी **समुन्द्री कुमारी महतो ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. पलट महतो कोइरीको नाति हनुमान महतोको छोरा सर्लाही जिल्ला, बबरगंज गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. १९१०५३/१४८ (जारी मितिः २०६८/०१/२५, स्थान सर्लाही) भएका **गंगाधर महतो ।**
२. फेकु महतोको नाति पलट महतो कोइरीको छोरा सर्लाही जिल्ला, बबरगंज गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. ०३५११९९३ (जारी मितिः २०४४/१२/२०, स्थान सर्लाही) भएका **हनुमान महतो ।**

**धितोको विवरण**

सर्लाही जिल्ला, बबरगंज गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं. ३ बस्ने, **हनुमान महतो**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सर्लाही जिल्ला, बबरगंज गा.वि.स. वडा नं. ६, नक्सा सीट नं ६ मा अवस्थित कि.नं. ८८९ क्षेत्रफल ०-०-१० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण (घण्टाघर शाखा, काठमाडौं)**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०६/२८ मा दर्ता नं. २०११७८/०७५/०७६ अन्तर्गत दर्ता भएको **इन्टरनेशनल उड उद्योग प्रा. लि. ।**
ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ६ ।

**ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण**

१. भय शेर्पाको नाति, दामा शेर्पाको छोरा सिन्धुपाल्चोक जिल्ला, घोर्थली गा.वि.स वडा नं. १ स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा.वडा नं. ९ बस्ने, ना.प्र.नं. १३७७६/९८९३३ (जारी मिति २०५७/०१/१८, स्थान सिन्धुपाल्चोक) भएका **आङ दोर्जे शेर्पा ।**
२. ग्यालछिरी शेर्पाको नाति, भय शेर्पाको छोरा सिन्धुपाल्चोक जिल्ला, घोर्थली गा.वि.स वडा नं. १ स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा.वडा नं. ९ बस्ने, ना.प्र.नं. ५३९१ (जारी मिति २०४५/०१/०५, स्थान सिन्धुपाल्चोक) भएका **साङा शेर्पा ।**
३. पासाङ न्हुर्पु शेर्पाकी छोरी दामा शेर्पाकी बुहारी आङ दोर्जे शेर्पाकी श्रीमति सिन्धुपाल्चोक जिल्ला, घोर्थली गा.वि.स वडा नं. १ स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा.वडा नं. ९ बस्ने, ना.प्र.नं. ४७२९/१९२५/२६६१८ (जारी मितिः २०५७/०५/०५, स्थान सिन्धुपाल्चोक) भएकी **छिरिङ याङजी शेर्पा ।**
४. सुर्यबहादुर मगरकी छोरी भय शेर्पाकी बुहारी साङा शेर्पाकी श्रीमति सिन्धुपाल्चोक जिल्ला, घोर्थली गा.वि.स वडा नं. १ स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा.वडा नं. ९ बस्ने, ना.प्र.नं. १०१३/२३ (जारी मितिः २०६७/०२/०३, स्थान सिन्धुपाल्चोक) भएकी **शान्ति शेर्पा ।**

**धितोको विवरण**

१. सिन्धुपाल्चोक जिल्ला, घोर्थली गा.वि.स वडा नं. १ स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा.वडा नं. ९ बस्ने, **आङ दोर्जे शेर्पा**को को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, जोरपाटी न.पा.वडा नं. ३, नक्सा सीट नं १०२१०२९२१ मा अवस्थित कि.नं. १८६ क्षेत्रफल ३१९ वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. सिन्धुपाल्चोक जिल्ला, घोर्थली गा.वि.स वडा नं. १ स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा.वडा नं. ९ बस्ने, **साङा शेर्पा**को को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, जोरपाटी न.पा.वडा नं. ९, नक्सा सीट नं १०२०९९०११ मा अवस्थित कि.नं. २३६ क्षेत्रफल १३७.०९ वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

**कृषि विकास बैंक लि.**
**जनशक्ति व्यवस्थापन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौ**

## आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धि सूचना

**(सूचना प्रकाशन मितिः २०८१/१२/१०)**

यस बैंकको आ.व. २०८०/८१ को वार्षिक रणनीति तथा बजेटमा स्वीकृत कर्मचारी दरबन्दी अनुसार रिक्त हुन आएका पदहरुमा **आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा**द्वारा पदपूर्ति गर्नका लागि मिति २०८०/११/११ मा प्रकाशित सूचना अनुसार वि.नं. १०/२०८० /८१ को लागि लोक सेवा आयोगबाट संचालित लिखित परीक्षामा सम्मिलित उम्मेदवारहरुमध्ये उत्तिर्ण भई अन्तर्वार्ताको लागि छनौट भएको व्यहोरा लोक सेवा आयोगवाट पत्र मार्फत लेखि आएकोले अन्तर्वार्ता कार्यक्रम सहितको सूचना बैंकको Website (www.adbl.gov.np) मा मिति २०८१/१२/१० गते आईतबार प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**
**कृषि विकास बैंक लि.**

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालयः सरावल, नवलपरासी (ब.सु.प.)
फोन नं.: ०७८-४१४१०३/०४

शाखा कार्यालयः चौराहा बुटवल, रुपन्देही
फोन नं.: ०७१-४३८३०६/३०७

शाखा कार्यालयः ४ नं. जितपुर, कपिलवस्तु
फोन नं.: ०७६-५५०४३३/४४३

को

शाखा कार्यालयः भैरहवा, रुपन्देही
फोन नं.: ०७१-५७१०८१/८२

## गैह्र-बैंकिङ्ग सम्पति बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरेको सूचना

**(प्रकाशित मिति २०८१/१२/११ गते)**

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित गैह्र बैंकिङ्ग सम्पतिहरु (घर/जग्गा) जहाँ, जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा ईच्छुक व्यक्ति, फर्म, कम्पनी तथा संस्थाबाट आफूले के कति मुल्य तिरी लिने हो सो मुल्य खोली यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयहरुमा उपलब्ध बोलपत्र फारम भरी शिलबन्दी बोलपत्र सम्बन्धित शाखा कार्यालयहरुमा पेश गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिएको छ ।

**तपसिल**

**गैह्र-बैंकिङ्ग सम्पतिको विवरण**

**शाखा कार्यालयः सरावल, नवलपरासी (ब.सु.प.)**

१. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, परासी गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. १५३ को क्षेत्रफल ०-०-१३-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, हकुई गा.वि.स./न.पा. वडा नं. २ (सिट नं. २/क) स्थित कित्ता नं. ३४१ र ३४३ को क्रमश : क्षेत्रफल ०-०-१३-० र ०-०-९-०.७५ (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, अमरौड गा.वि.स./न.पा. वडा नं. ५ (सिट नं. ५/क) स्थित कित्ता नं. २२५ को क्षेत्रफल ०-०-४-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
४. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, बंजरिया गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. ३२ को क्षेत्रफल ३-१५-३-० (विगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
५. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, सरावल गा.वि.स./न.पा. वडा नं. ९ (सिट नं. ९/ग) स्थित कित्ता नं. १०९, ३४५, १०८, ४८५ र ५३ को क्रमश : क्षेत्रफल ०-२-९-०, ०-०-१७-०, ०-१-१५-०, ०-१-६-० (बिघा) र १६.१६ (व.मि) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।
६. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, रामनगर गा.वि.स./न.पा. वडा नं. ३ (सिट नं. ३/क) स्थित कित्ता नं. १९८ को क्षेत्रफल ०-१४-५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : चौराहा बुटवल, रुपन्देही**

१. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ९ (सिट नं. ९/ख) स्थित कित्ता नं. ७२८४ र ७२९८ को क्रमशः क्षेत्रफल ०-०-३-० र ०-०-१.२५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गा ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।
२. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स./न.पा. वडा नं. ४ (सिट नं. ४/क) स्थित कित्ता नं. ११७७ को क्षेत्रफल ०-१-६.२५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गा ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : ४ नं. जितपुर, कपिलवस्तु**

१. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेस्ता कायम रहेको कपिलवस्तु जिल्ला, मोतिपुर गा.वि.स./न.पा. वडा नं. २ (सिट नं. २/ग) स्थित कित्ता नं. २२५ को क्षेत्रफल ०-०-८-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गा ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

**शाखा कार्यालय : भैरहवा, रुपन्देही**

१. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, साबिक पड्सरी गा.वि.स./न.पा. वडा नं. ८ (सिट नं.८/ख) स्थित कित्ता नं. ६६९ को क्षेत्रफल ०-१-१-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।
२. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय रुपन्देहीको, लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, साबिक बसन्तपुर गा.वि.स. वडा नं. १ (नक्सा सिट नं. १/क) स्थित कि.नं. ६५८ र ६६० को क्रमशः क्षेत्रफल ०-०-११.२५ र ०-०-७.७५ (बिघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय रुपन्देहीको, लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, साबिक बगाहा गा.वि.स. वडा नं. ४ (सिट नं. ४/ख) स्थित कित्ता नं. १९७ को क्षेत्रफल ०-१-१३ (विघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**गैह्र बैंकिङ्ग सम्पत्ति बिक्रीका शर्तहरु :**

१. बोलपत्र आवेदन फारम मिति २०८१/१२/११ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु सरावल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), चौराहा बुटवल, रुपन्देही, ४ नं. जितपुर, कपिलवस्तु र भैरहवा, रुपन्देहीबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै गैह्र बैंकिङ्ग सम्पत्तिको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/१२/२५ गते सोमबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८१/१२/२६ गते मंगलबार दिउँसो ४:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी गैह्र बैंकिङ्ग सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु सरावल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), चौराहा बुटवल, रुपन्देही, ४ नं. जितपुर, कपिलवस्तु र भैरहवा, रुपन्देहीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

# आइतवार २ प्रतिशतभन्दा बढीले घट्यो नेप्से

**अभियान संवाददाता**

काठमाडौं

गत आइतवारदेखि निरन्तर घटेको बजार यो आइतवार २ प्रतिशतभन्दा बढीले घटेको छ । अघिल्लो कारोबार दिनको तुलनामा यो दिन नेप्से परिसूचक ५४ दशमलव ६२ अंकले घटेको हो । यस दिन २ हजार ६६९ विन्दुसम्म पुगेको नेप्से २ हजार ६१४ दशमलव शून्य ९ विन्दुसम्म झरेर अन्तिममा २ हजार ६१४ दशमलव ६८ विन्दुमा बन्द भएको हो ।

फागुन १९ गते यताको कारोबारमा नेप्से फागुन २८ गते एक दिन शून्य दशमलव ६३ प्रतिशत बढेको थियो भने अरू दिन घटेको छ । करीब एक महीनादेखि नेप्से निरन्तर घट्दो क्रममा रहेको देखिन्छ । फागुन १८ गतेको कारोबारमा २ हजार ८९० दशमलव २८ विन्दुसम्म पुगेको नेप्से चैत १० गतेको कारोबार दिनमा भने घटेर २ हजार ६१४ दशमलव ६८ विन्दुमा झरेको छ । फागुन १८ गतेको तुलनामा चैत १० गतेको नेप्से परिसूचकलाई तुलना गर्दा ९ दशमलव ५४ प्रतिशत घटेको हो ।

लगानीकर्ता बजार घट्नुपर्ने खासै कारण नभएको बताउँछन् । नियामक निकाय नेपाल धितोपत्र बोर्ड (सेबोन) मा अध्यक्ष नियुक्त भएको चार महीना बितिसक्दा पनि बजार सुधारका लागि प्रभावकारी काम नभएको गुनासो लगानीकर्ताले गरेका छन् । अल्पकालीन लगानीकर्ता हाबी हुँदा बजारले दीर्घकालको गति समात्न नसकेको अवस्थामा नियामकले दीर्घकालीन लगानीका लागि प्रोत्साहन गर्ने खालका नीति ल्याउनुपर्नेमा लगानीकर्ताले यतिबेला जोड दिएका छन् । लगानीकर्ताले २ हजार ६१४ को बलियो टेवालाई टेकेर भोलिका दिनमा बजार माथि जाने अनुमान समेत लगाएका छन् ।

आइतवार कारोबार रकम अघिल्लो कारोबार दिनकोभन्दा १ अर्ब ७५ करोड ८८ लाख रुपैयाँभन्दा बढीले वृद्धि भएको छ। अघिल्लो कारोबार दिन ४ अर्ब ५६ करोड रुपैयाँभन्दा बढीको धितोपत्र कारोबार भएकोमा आइतवार ६ अर्ब ३२ करोड रुपैयाँभन्दा बढीको धितोपत्र कारोबार भएको हो ।

लामो समयदेखि कुल कारोबारमा सर्वाधिक हिस्सा ओगट्दै आएको हिमालयन रिइन्स्योरेन्सले यो दिन पनि निरन्तरता पाएको छ। हिमालयन रिइन्स्योरेन्सको आइतवार ४२ करोड ६ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको छ ।

आइतवारको कारोबारमा १३ कम्पनीको मात्र धितोपत्र मूल्य बढेको छ भने २३० कम्पनीको शेयर मूल्य घटेको छ । यो दिन एनएमबि फिफ्टीको इकाई मूल्य सर्वाधिक ३ दशमलव ९४ प्रतिशत बढेर अन्तिम मूल्य १० रुपैयाँ ५५ पैसा कायम भएको छ। सर्वाधिक शेयर मूल्य घट्नेमा यस दिन मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड रहेको छ । यस कम्पनीको शेयर मूल्य प्रतिकित्ता १० प्रतिशत घटेर अन्तिम मूल्य १ हजार ६०३ रुपैयाँ ८० पैसा कायम भएको छ ।

यस दिन कारोबारमा आएका १३ ओटै समूहको सूचक घटेको छ । तीमध्ये वित्त समूहको सूचक सबैभन्दा बढी २ दशमलव ९८ प्रतिशत घटेको छ ।

**बजार पूँजीकरण घट्यो**

आइतवार बजार पूँजीकरण रू. ९० अर्ब ५४ करोडले घट्दै रू. ४३ खर्ब ४१ अर्ब ७२ करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४४ खर्ब ३२ अर्ब २७ करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा आइतवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ। कुल कारोबारमध्ये ३१ दशमलव ७४ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. २ अर्ब ६२ लाख बराबरको धितोपत्र किनबेच भएको छ । यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा विकास बैंक समूह रहेको छ । उक्त समूहको रू. ८४ करोड ८४ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

आइतवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. १ अर्ब १ करोड ४१ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ५६ करोड ७४ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ४४ करोड ६६ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ३४ रहेको छ। जसबाट आइतवारको बजारमा रू. ५० करोड २३ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| एनएमबि फिफ्टी | १०.५५ | ३.९४ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १,६०३.८० | -१०.०० |
| ९% आइसिएफसि फाइनान्स लिमिटेड डिबेन्चर २०८८ | १,०८८.०० | ३.८९ | भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड | ७९१.२१ | -७.२७ |
| कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड | २,४६९.७२ | २.६८ | सयपत्री हाइड्रोपावर लिमिटेड | ७२६.२३ | -६.४८ |
| ११% एनआईसी एशिया बैंक डिबेन्चर ०८२/८३ | १,१०१.६० | २.०० | माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ४९७.१४ | -५.६६ |
| सांग्रिला डेभलपमेन्ट बैंक डिबेन्चर २०८७ | १,०८१.२० | २.०० | अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड | ५८७.५२ | -५.४६ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | २००.६२ | ३१.७४ |
| २ | विकास बैंक | ८४.८४ | १३.४२ |
| ३ | अन्य | ८३.५० | १३.२१ |
| ४ | लगानी | ६५.५५ | १०.३७ |
| ५ | जीवन बीमा | ४१.८२ | ६.६२ |
| ६ | लघुवित्त | ४०.१० | ६.३५ |
| ७ | बैंकिङ्ग | ४०.०१ | ६.३३ |
| ८ | वित्त | २३.७५ | ३.७६ |
| ९ | उत्पादन तथा प्रशोधन | १९.४६ | ३.०८ |
| १० | निर्जीवन बीमा | १८.६० | २.९४ |
| ११ | होटल तथा पर्यटन | ७.२२ | १.१४ |
| १२ | संस्थापक शेयर | ४.४६ | ०.७१ |
| १३ | व्यापार | १.३१ | ०.२१ |
| १४ | म्युचुअल फण्ड | ०.५५ | ०.०९ |
| १५ | ऋणपत्र | ०.१६ | ०.०३ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ४४.६६ | ५६.७४ | १०१.४१ |
| ३४ | २२.५८ | २७.६५ | ५०.२३ |
| २८ | २३.५२ | २३.९७ | ४७.५० |
| ४२ | २३.८५ | २३.६० | ४७.४६ |
| ५७ | १७.०४ | २४.४९ | ४१.५४ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) |
|---|---|
| हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ४२.०६ |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि. | ३५.९९ |
| नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | ३४.८२ |
| युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | २०.४५ |
| सिन्धु विकास बैंक लिमिटेड | १९.४९ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | म्युचुअल फण्ड | १८.९१ | -०.७१ |
| २ | उत्पादन तथा प्रशोधन | ७,१२१.७७ | -१.४३ |
| ३ | बैंकिङ्ग | १,३३८.३४ | -१.५५ |
| ४ | अन्य | २,३३०.५९ | -१.७२ |
| ५ | जीवन बीमा | १३,०५५.१४ | -१.९७ |
| ६ | लगानी | १०४.२३ | -२.१२ |
| ७ | निर्जीवन बीमा | १२,१६२.२७ | -२.१५ |
| ८ | विकास बैंक | ५,५०२.९५ | -२.३० |
| ९ | होटल तथा पर्यटन | ६,३८९.०७ | -२.३० |
| १० | लघुवित्त | ४,७९४.९५ | -२.३६ |
| ११ | जलविद्युत् | ३,४५७.६८ | -२.५० |
| १२ | व्यापार | ४,०४९.८१ | -२.८३ |
| १३ | वित्त | २,४८०.७६ | -२.९८ |


## धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/१२/११ गते)

तपशिलमा उल्लेखित ऋणी संस्थाले कालिमाटी शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा ताकेता गर्दा साथै **मिति २०८१/०९/०९ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित** गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्बन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ। अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंत्तिस) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं। लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराईन्छ। धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साबिकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर बाजुर गर्न पाउने छैन। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम **कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने** व्यहोरा यसै सूचनाद्वारा सूचित गराईन्छ।

**ऋणी संस्थाको नाम :** श्री जिवनदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लि. **रजिष्टर्ड ठेगाना :** भक्तपुर-१७
**हालको ठेगाना :** का.म.न.पा.-१३, कालिमाटी **दर्ता नं:** ६६९/०७१/७२

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : मीन बहादुर चन्द (अध्यक्ष जमानीकर्ता)**
बाबु : नर बहादुर चन्द
बाजे : पति चन्द
ना प्र नं. : ७२/१/०२३/७३०३/१८४०१
ठेगाना : देथला-८, दार्चुला

**२) नाम : एलिना डंगोल (उपाध्यक्ष जमानीकर्ता)**
बाबु : जनक कुमार डंगोल
बाजे : नारायणमान सिह डंगोल
ना.प्र.नं : ३१ १०२३/७००९८
ठेगाना : हेटौडा-८, मकवानपुर

**३) नाम : मन्जुश्री गोपाली (सचिव जमानीकर्ता)**
बाबु : अर्जुन बहादुर गोपाली
बाजे : बुद्धिलाल गोपाली
ना.प्र.नं : ५५/३६८५१
ठेगाना : बज्रबाराही-६, मकवानपुर

**४) नाम : गजेन्द्र कुमार लिम्बु (संचालक)**
बाबु : प्रेम बहादुर लिम्बु
बाजे : आशापा लिम्बु
ना.प्र.नं :२०२५२
ठेगाना : हातिखर्क-६, धनकुटा

**५) नाम : धर्म महर्जन (संचालक जमानीकर्ता)**
बाबु : आशा नारायण महर्जन
बाजे : शेर बहादुर महर्जन
ना.प्र.नं : ८०४६
ठेगाना : का.म.न.पा.-२१, काठमाण्डौ

**६) नाम : राजेश श्रेष्ठ (संचालक जमानीकर्ता)**
बाबु : राजन श्रेष्ठ
बाजे : पुर्ण बहादुर श्रेष्ठ
ना.प्र.नं : १३०४७
ठेगाना : खड्का भद्रकाली-२, काठमाण्डौ

**७) नाम : रेणुका बस्नेत (संचालक जमानीकर्ता)**
बाबु : लाल बहादुर बस्नेत
बाजे : नर जंग बस्नेत
ना.प्र.नं : १४ १०४५/१२४५२४
ठेगाना : त्रियुगा-१२, उदयपुर

**८) नाम : ईन्द्र बहादुर चन्द (व्यवस्थापक जमानीकर्ता)**
बाबु : धन बहादुर चन्द
बाजे : सुनी चन्द
ना.प्र.नं : २७५०५
ठेगाना : गोकुलेश्वर-०२, बैतडी

**९) नाम : सुमन ढकाल (व्यवस्थापक जमानीकर्ता)**
बाबु : पृथ्वी राम ढकाल
बाजे : भवानी प्रसाद ढकाल
ना.प्र.नं : ०४२०४४/९०६
ठेगाना : दमक-१, झापा

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

श्री कुल बहादुर कुवर क्षेत्रीको नाती श्री भीम बहादुर कुवर क्षेत्रीको छोरा उदयपुर जिल्ला तावाश्री गा.बि.स.वडा नं. ५ बस्ने श्री हरि बहादुर कुवर क्षेत्रीको नाममा मालपोत कार्यालय लगनखेलमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर, ठेचो न.पा वडा नं. ३ को कित्ता न ५०४ र ५१७ को क्षेत्रफल क्रमश. ०-१-३-२ र ०-४-३-२ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु :**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु. ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।
(२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको बिवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ। उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा Kumari Bank LTD. पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.००१०००१४८६६००००१ मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कालिमाटी शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ। साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ। रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ। धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन।
(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिने छ। बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय कालिमाटीमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ। बोलपत्र पेश गर्न सकिने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोबालाले धितोबालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन।
(१२) सुरक्षणमा रहेका धितोहरुको आशिंक रुपमा पनि लिलाम गर्न सकिनेछ।
(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web : www.ncbl.coop



## गैर बैकिङ्ग सम्पति लिलाम बिक्रि सम्बन्धी ७ दिने अत्यन्त जरूरी सुचना

(प्रकाशित मिति २०८१/१२/११ गते)

यस बैंकको नाममा रहेको तपशिलको गैर बैंकिङ्ग सम्पत्ति हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री गरिने भएको हुँदा खरिद गरी लिन इच्छुक व्यक्ति वा संघ/संस्थाले यो सूचना प्रकाशित मितिले ७ दिन भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रिय कार्यालयमा आईपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ।

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.वि.स. | वडा नं./सिट नं. | कित्ता नं. | क्षेत्रफल/व.मी. | सम्पर्क शाखा कार्यालय |
|---|---|---|---|---|---|---|
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | मोरङ्ग | झोराहाट | ६/१७८०५४६ | ५८७ | १३५५.६० | बिराटनगर |
| | मोरङ्ग | बैजनाथपुर | १/१७८०५४६ | ७३३ | २९०१.२६ | |
| | मोरङ्ग | बैजनाथपुर | १/१७८०५४६ | ७३२ | ५०८.७४ | |
| | झापा | गौरादह | १/१७९०२१७ | २५२४ | ४३९३.६२ | |
| | झापा | गौरादह | १/१७९०२१७ | २५२६ | ५५६५.०० | |
| | काठमाण्डौ | का.म.न.पा. | १०/१०२११४६२५ | ७३ | २२२.५३ | लगनखेल |

**गैर बैकिङ्ग सम्पत्ति लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु. ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।
(२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ। उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा Kumari Bank LTD. पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.००१०००१४८६६००००१ मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै उल्लेखित शाखा कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ। साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ। रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन र धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ।
(९) लिलाम सूचना प्रकाशित मितिले ७ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको केन्द्रिय कार्यालयमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ।
(१०) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन।
(११) गैह्र बैकिङ्ग सम्पत्तिहरुको आँशिक रुपमा पनि लिलाम गर्न सकिने छ।
(१२) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web : www.ncbl.coop



**Phedikhola Rural Municipality**
**Office of Rural Municipal Executive**
**Phedikhola, Syangja, Gandaki Province, Nepal**

**Invitation for Bids**

***First date of Publication: 24 March 2025***

1. **Phedikhola Rural Municipality** invites only electronic bids for **Construction of first and second floor over additional RCC block at Bange Healthpost Phedikhola-05, Bange, Syangja** under contract ID: **33-PRM-W-NCB-BLDG-081-82-18** under National Competitive Bidding Procedure (NCB). The estimated cost of the work is **NRs. 3,787,873.54** (Including overhead, VAT & PS). Electronic Bidding is open to all eligible Nepalese Bidders.
2. Cost of bid document **NRs. 3000.00**.
   **Information to deposit the cost of bid document in Bank:**
   **Name of the Bank :** Prime Bank Limited, Phedikhola, Syangja
   **Name of Office** : Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, **Office Account Number :** 06501000000030800180
   **Name of account :** Aantarik Rajaswa Khata of Phedikhola Rural Municipality
3. Electronic bid submission deadline: before 12:00 hrs on **23-April-2025**, Electronic bid opening date and time: **12:00 hrs on 23-April-2025**.
4. Bid security amount NRs. 95,000.00. If cash deposited as bid security, then mentioned amount should be deposited in Dharauti account of Phedikhola Rural Municipality, account No. **06501000000003600179** at Prime Bank, Phedikhola, Syangja.
5. Eligible Bidders may obtain detail information by inspecting the Bidding Documents at the **Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja** or from website: www.phedikholamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.


## हिमालयन ८०-२० को नाफा बढ्यो

काठमाडौं (अस)। हिमालयन म्युचुअल फण्डअन्तर्गत सञ्चालित हिमालयन ८०-२० ले फागुन मसान्तसम्म २० करोड १७ लाख रुपैयाँभन्दा बढी नाफा गरेको छ। यो नाफा माघ मसान्तको तुलनामा ५ करोड २६ लाख रुपैयाँभन्दा बढी हो । फण्डले माघ मसान्तसम्म १४ करोड ९१ लाख रुपैयाँभन्दा बढी नाफा गरेको थियो ।

पछिल्लो महीना योजनाको आम्दानी बढेकाले नाफा बढेको हो । फागुनमा योजनाको खर्च पनि बढेको छ । तर, खर्चको तुलनामा आम्दानी उल्लेख्य बढेको हो ।

योजना व्यवस्थापक हिमालयन क्यापिटल लिमिटेडका अनुसार माघ मसान्तसम्म १६ करोड २३ लाख रुपैयाँभन्दा बढी आम्दानी गरेको योजनाले फागुन मसान्तसम्म भने २१ करोड ६७ लाख रुपैयाँभन्दा बढी आम्दानी गरेको हो ।

त्यस्तै, माघ मसान्तसम्म १ करोड ३१ लाख रुपैयाँभन्दा बढी खर्च भएकोमा फागुन मसान्तसम्म १ करोड ४९ लाख रुपैयाँभन्दा बढी खर्च भएको छ।

धितोपत्रमा लगानी गर्ने प्रमुख उद्देश्यका साथ सञ्चालित यस योजनाले फागुन मसान्तसम्म धितोपत्र र बैंक मुद्दती निक्षेपमा गरेको लगानीको परल मूल्य १ अर्ब रुपैयाँभन्दा बढी छ । योजनाको लगानीको बजार मूल्य भने १ अर्ब १३ करोड रुपैयाँभन्दा बढी रहेको छ ।

१० करोड इकाई जारी भएकोमा फागुन मसान्तसम्म योजनाको प्रतिइकाई खुद सम्पत्ति मूल्य (न्याभ) भने १२ रुपैयाँ ५१ पैसा रहेको छ । माघ मसान्तसम्म यो मूल्य ११ रुपैयाँ ९८ पैसा थियो ।

# दुई लघुवित्तको बोनस शेयर सूचीकृत

काठमाडौं (अस) । आइतवार दुई कम्पनीको बोनस शेयर नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत भएको छ । सूर्योदय वोमी लघुवित्तको ६ प्रतिशत बोनस शेयर बापतको ६ लाख २६ हजार १९९ दशमलव ७९ कित्ता र सपोर्ट लघुवित्त वित्तीय संस्थाको १३ दशमलव ७८ प्रतिशत बोनस शेयर बापतको १ लाख ४८ हजार २४५ दशमलव शून्य ९ कित्ता शेयर नेप्सेमा सूचीकृत भएको हो ।

सोमवार (आज) देखि कारोबारयोग्य हुने यी बोनस शेयर सम्बन्धित शेयरधनीहरूले आफ्नो हितग्राही खातामा जम्मा भएपछि मात्र कारोबार गर्न सक्नेछन् । सूर्योदय वोमी लघुवित्तले पुस २८ गते सम्पन्न १३औं वार्षिक साधारणसभाबाट ६ प्रतिशत बोनस शेयरसँगै शून्य दशमलव ९६ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव पारित गरेको थियो । पुस २० गतेसम्म कायम शेयरधनीहरूले मात्र सूर्योदय वोमी लघुवित्तको यस वर्षको लाभांश प्राप्त गरेका हुन् ।

त्यस्तै, सपोर्ट लघुवित्तले गत पुस ६ गते सम्पन्न दशौं वार्षिक साधारणसभाबाट १३ दशमलव ७८ प्रतिशत बोनस शेयर र शून्य दशमलव ७३ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरणको प्रस्ताव पारित गरेको थियो । मङ्सिर १३ गतेसम्म कायम शेयरधनीहरूले मात्र सपोर्ट लघुवित्तको लाभांश प्राप्त गरेका छन् ।

**वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत १०)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड | ६३०.२२ | ७९० | ५०८ |
| २ | एभरेष्ट बैंक लिमिटेड | ६००.३७ | ७९० | ४८७.३ |
| ३ | नबिल बैंक लिमिटेड | ४८२.६२ | ७०० | ४१९ |
| ४ | नेपाल एसबिआई बैंक लिमिटेड | ४०७.८ | ५४९ | २६८.६ |
| ५ | एनआईसी एशिया बैंक लिमिटेड | ३६५ | ५७३ | ३४१.६ |
| ६ | सानिमा बैंक लिमिटेड | २९८.२२ | ३८२ | २२८ |
| ७ | कृषि विकास बैंक लिमिटेड | २८२.३६ | ४२८.४ | २२०.५ |
| ८ | सिद्धार्थ बैंक लिमिटेड | २७८.३८ | ३८० | २१४ |
| ९ | प्राइम कमर्सियल बैंक लिमिटेड | २४९ | ३२९ | १८६ |
| १० | नेपाल बैंक लिमिटेड | २४७.११ | ३३७.५ | १९५.१ |
| ११ | एनएमबि बैंक लिमिटेड | २४३.०९ | ३०० | १६२ |
| १२ | हिमालयन बैंक लिमिटेड | २३२.९४ | ३१२.१ | १६७.१ |
| १३ | माछापुच्छ्रे बैंक लिमिटेड | २२३.८७ | २९५ | १५७.८ |
| १४ | ग्लोबल आइएमई बैंक लिमिटेड | २१६.०८ | ३०२ | १७० |
| १५ | लक्ष्मी सन्राइज बैंक लिमिटेड | २१५.६७ | ३०० | १४३.६ |
| १६ | प्रभु बैंक लिमिटेड | २०९.८३ | २९७ | १३२ |
| १७ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | २०७.९१ | २९५ | १४७.४ |
| १८ | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड | २०६.१८ | २९६ | १५२.५ |
| १९ | कुमारी बैंक लिमिटेड | २००.९९ | २७२.९ | १२९.६ |

**फाइनान्स कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत १०)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | नेपाल फाइनान्स लिमिटेड | ६८०.४७ | २६१४.९ | ३६६.४ |
| २ | गुडविल फाइनान्स लिमिटेड | ६५७.३६ | १३५३ | ४३८ |
| ३ | मल्टीपर्पस फाइनान्स लिमिटेड | ६११.३५ | ९३६.९ | ३५६.१ |
| ४ | आइसिएफसि फाइनान्स लिमिटेड | ६०७.५३ | ९१० | ४८८ |
| ५ | मञ्जुश्री फाइनान्स लिमिटेड | ६०२.९ | ९१७ | ४८०.२ |
| ६ | गोर्खाज फाइनान्स लिमिटेड | ५७९.८७ | १०४१ | ५४८ |
| ७ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | ५४१.१८ | ९५१.६ | ३३० |
| ८ | सेन्ट्रल फाइनान्स लिमिटेड | ५३५.७८ | ८२० | ३३८ |
| ९ | प्रोग्रेशिभ फाइनान्स लिमिटेड | ५१९.८६ | ८६५ | ३०९ |
| १० | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड | ५०९.५१ | ७९५ | ३५२.८ |
| ११ | समृद्धि फाइनान्स कम्पनी लिमिटेड | ५०७.९१ | १११७.९ | ३०५.१ |
| १२ | रिलायन्स फाइनान्स लिमिटेड | ५०६.५६ | ८३८ | ३४९.४ |
| १३ | जानकी फाइनान्स कम्पनी लिमिटेड | ४९७.८७ | १०८३.३ | ३७८.१ |
| १४ | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड | ४८३ | ७५९ | ३४८ |
| १५ | पोखरा फाइनान्स लिमिटेड | ४०७.५७ | ७९५ | ३३९.९ |

**दिपायल सिलगढी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
सिलगढी,डोटी

## बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/१२/११)**

यस कार्यालय अन्तर्गत तपिशल उल्लेखित कार्यका लागि बोलपत्र आह्वान गर्नु पर्ने भएकोले निम्न कार्यको लागि यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन २०८२/०१/१० गतेको १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकीशित गरिएको छ ।

| S.N | Contract No | Description of Work | Estimated amount (Excluding VAT and contingencies) | Bid security | Bid security Cost of bidding document | Last date and time of bid submission |
|---|---|---|---|---|---|---|
| १. | NCB/DSNP/WORKS/04/081/082 | पद्म पिब्लक मुक्ति नारायण मा.बि मिहला छात्राबास भवन तला थप | २१,१९,६७२.६२/- | ५३,०००/- (अक्षरेपी त्रिपन्न हजार मात्र) | ३,०००/- (अक्षरेपी तिन हजार मात्र) | २०८२/०१/१० दिउसो १२:०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**

**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
Shangri-la Development Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय :**
**बालुवाटार, काठमाण्डौ**
**फोनः ०१-४५२१८६१/६२/६३**

## कर्जा नतिर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति डेभलपमेन्ट बैंक आफूले सकार गरी लिने सम्बन्धी ७ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८१/१२/११ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक**

यस डेभलपमेन्ट बैंकबाट निम्न बमोजिमको ऋणीले म्याद भित्र कर्जा चुक्ता भुक्तान नगरेको र धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र आह्वान गर्दा समेत कर्जा चुक्ता नभएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (**सात**) **दिनभित्र** कर्जाको सम्पूर्ण साँवा ब्याज भुक्तानी गरी आफ्नो घर/जग्गा फुकुवा गराउन सम्बन्धित ऋणी र जमानी दिनुहुने महानुभावहरू समेतलाई अन्तिम पटक यो सूचनाद्वारा जानकारी गराइन्छ। उल्लेखित मिति भित्र पनि कर्जा चुक्ता नगरेमा तपसिल बमोजिम यस डेभलपमेन्ट बैंकमा धितोमा रहेको चल/अचल सम्पत्ति डेभलपमेन्ट बैंक आफैले सकार गरी लिने हुँदा सम्बन्धित ऋणी र धितो जमानी दिनुहुने महानुभावहरू समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ऋणी/अध्यक्ष/अ.प्रा.व्यक्ति/ जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरणः |
|---|---|
| **१) ऋणीको नाम : चितवन सिमेन्ट प्रा.लि**<br>दर्ता गर्ने कार्यालयः कम्पनी रजिष्ट्रको कार्यालय, काठमाण्डौं<br>दर्ता नं. : १३५५२/०५७/०५८<br>दर्ता मितिः २०५७/०४/२५, पान नं. : ३००२९९७१३<br>ठेगाना : सिद्धार्थनगर न.पा.-०८, रुपन्देही<br>**ऋणी/संचालक/अध्यक्ष/अ.प्रा.व्यक्ति/ जमानीकर्ताको नामः अनोद कुमार देवकोटा**<br>बाबुको नाम : तेजमणि देवकोटा<br>बाजेको नाम : दयाराम देवकोटा<br>ठेगाना : मानपुर-०७, दाङ, हाल : तुलसीपुर-१७ दाङ<br>ना.प्र.नं. : १९१६९/४१००, जारी मिति : २०४४/०९/१७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., दाङ<br>**कर्जा लिएको शाखा : बुटवल, रुपन्देही** | **क) नाम : बबिता देवकोटा**<br>बाबुको नामः वलदेव अधिकारी<br>पतिको नामः अनोद कुमार देवकोटा<br>ससुराको नाम : तेजमणि देवकोटा<br>ठेगाना : मानपुर-०७, दाङ, हाल : तुलसीपुर-१७ दाङ<br>ना.प्र.नं.: ७२७/२८३०, जारी मितिः २०६०/०८/०९<br>जारी गर्ने कार्यालय : जि.प्र.का.दाङ<br>**ख) नाम : सतिश मजगैया (शर्मा)**<br>बाबुको नाम : जनार्दन शर्मा<br>बाजेको नाम : देवि प्रसाद उपाध्याय<br>ठेगानाः त्रि.न.-०२, दाङ, हालः घोराही-१८, दाङ<br>ना.प्र.नं. : १८६७३/६१५७<br>जारी मिति : २०४४/०७/१९<br>जारी गर्ने कार्यालय : जि.का., दाङ |

**सुरक्षणमा रहेको धितोको विवरण :**

१. श्री भूमिसुधार तथा मालपोत कार्यालय परासी नवलपरासी (ब.सु.प.) मा श्री चितवन सिमेन्ट प्रा.लि.को नाममा दर्ता कायम रहेको नवलपरासी जिल्ला, तिलकपुर-५ स्थित कि.नं. २९, ३३, ३१, १०४०, ३०, ३२, ८४०, १०३९ र ८०० को क्षेत्रफल क्रमशः ३४५३.५५ (०-१०-४-०), ५१९७.२५ (०-१५-७-०), १३८८.१९ (०-४-२-०), १३०३.७६ (०-३-१७-०), १४२२.०५ (०-४-४-०), ३२८६.३७ (०-९-१४-०.५), ८४.६५ (०-०-५-०), १६९.३२ (०-०-१०-०) र ३३८६.४० (०-१०-०-०) व.मी./(बि.क.धु.क.) को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. श्री मालपोत कार्यालय तुलसीपुर, दाङमा श्री अनोद कुमार देवकोटाको नाममा दर्ता कायम रहेको दाङ जिल्ला, मानपुर-७ग स्थित कि.नं. १७७९ र ४५७ को क्षेत्रफल क्रमशः २९,६८१.२० व.मी र १४५५.९१ (०-४-६-०) व.मी./(बि.क.धु.क.) को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

# ङादी ग्रुप पावरको अवितरित हकप्रद शेयर बाँडफाँट

काठमाडौं (अस) । ङादी ग्रुप पावर लिमिटेडले शतप्रतिशत हकप्रद शेयर निष्कासन गर्दा वितरण हुन नसकेको अवितरित हकप्रद शेयर लिलामी प्रक्रियाबाट विक्री सम्पन्न गरेको छ ।

कम्पनीले अवितरित ८ लाख ७३ हजार ६१ दशमलव २२५ कित्ता हकप्रद शेयर लिलामीका लागि फागुन २० देखि २८ गतेसम्म आवेदन माग गरेको थियो । तोकिएको अवधिभित्र प्राप्त गोप्य शिलबन्दी बोलपत्रहरू चैत ४ गते खोलेर चैत ८ गते कम्पनीको सञ्चालक समितिले बाँडफाँट गरेको हो । विक्री प्रबन्धकको जिम्मेवारी सिद्धार्थ क्यापिटल लिमिटेडले पूरा गरेको छ ।

प्रतिकित्ता १०० रुपैयाँ अंकित मूल्य तोकेर विक्रीमा ल्याइएको यी शेयरको लिलामीमा विक्री मूल्य अर्थात् अन्तिम कटअफ मूल्य प्रतिकित्ता २६६ रुपैयाँ २० पैसा कायम भएको छ । यो शेयर बाँडफाँटमा नपरेको रकम चैत ११ गतेदेखि फिर्ता भुक्तानी गरिने जानकारी विक्री प्रबन्धकले दिएको छ ।

# ओम मेगाश्री फर्मास्यूटिकल्सको आईपीओ बाँडफाँट मंगलवार

काठमाडौं (अस) । ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेडले सर्वसाधारणमा निष्कासन गरेको आईपीओ चैत १२ गते मंगलवार बाँडफाँट हुने भएको छ । विक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेडको कार्यालय कमलादी, काठमाडौंमा बिहान ९ बजे आईपीओ बाँडफाँटको कार्यक्रम तय भएको हो । कम्पनीले दोस्रो चरणमा आम सर्वसाधारणका लागि फागुन २७ गतेदेखि चैत ३ गतेसम्म १४ लाख ७६ हजार कित्ता आईपीओ निष्कासन गरेको थियो । रीतपूर्वक आवेदन दिएका भाग्यमानी १ लाख ४७ हजार ६०० जना आवेदकहरूले १० कित्ताका दरले आईपीओ प्राप्त गर्नेछन् । मागभन्दा बढी आवेदन परेकाले कम्पनीको आईपीओ गोलाप्रथाको माध्यमबाट बाँडफाँट हुनेछ ।

**आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड** ICFC

## कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८१/१२/११ गते**

यस फाइनान्सको विभिन्न शाखा कार्यालयबाट तपशिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने कर्जाको बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट तरताकेता गर्दा एवं राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जाको सावाँ ब्याज रकम चुक्ता गर्ने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी फाइनान्सको लेना रकम असूल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। साथै, सुरक्षणमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण लेना असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ तथा सोको नियमावली २०५९ अनुसार ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल-अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानी दिनुहुने व्यक्तिहरुले सो दिन अगावै फाइनान्समा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य स्थगित गरिने व्यहोरा समेत जानकारी गराईन्छ। अन्यथा, नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा सम्बन्धित सबै पक्षहरुलाई कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

**शाखा कार्यालय त्रिशुली, नुवाकोट**

**ऋणीको विवरण**

नेपाल सरकार,उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय,वाणिज्य विभाग,घरेलु तथा साना उद्योग कार्यालय विदुर नुवाकोटमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ अर्न्तगत मिति २०७७/०९/२९ मा प्रा.फ.र.नं.९५७/०७७/०७८मा दर्ता भई नेपाल सरकार,आन्तरिक राजस्व विभाग,आन्तरिक राजस्व कार्यालय कलंकी करदाता सेवा कार्यालय गल्छी बाट स्थायी लेखा नं.६१४८३६४१९ को प्रमाण पत्र प्राप्त **रिजाल आयल स्टोर्स ।**
प्रोपाईटर : उमेश रिजाल
ठेगाना : विदुर न.पा.वडा नं.९,नुवाकोट ।

**व्यक्तिगत जमानी दिनेहरुको विवरण**

| | |
|---|---|
| **नाम : निर बहादुर रिजाल**<br>बाबु : राम बहादुर रिजाल<br>बाजे : कृष्ण गोपाल रिजाल<br>ना. प्र नं : ६०२०/१९७३<br>मिति २०३७/१०/२०, नुवाकोट<br>ठेगाना : त्रिशुली वडा नं.०४,नुवाकोट ।<br>हाल विदुर न.पा.वडा नं.८,नुवाकोट । | **नाम : इश्वरी रिजाल**<br>बाबु : दल बहादुर खडका<br>पति : निर बहादुर रिजाल<br>ससुरा : राम बहादुर रिजाल<br>ना. प्र नं : २५३००१/१७५<br>मिति २०६३/११/१६, नुवाकोट<br>ठेगाना : विदुर न.पा.वडा नं.८,नुवाकोट । |
| **नाम : उमेश रिजाल**<br>बाबु : निर बहादुर रिजाल<br>बाजे : राम बहादुर रिजाल<br>ना. प्र नं : २५१००१/७८५<br>मिति २०६५/०९/१६, नुवाकोट<br>ठेगाना : विदुर न.पा.वडा नं.८,नुवाकोट । | **नाम : एलिजा बोगटी**<br>बाबु : पोष्ट बहादुर बोगटी<br>पति : उमेश रिजाल<br>ससुरा : निर बहादुर रिजाल<br>ना. प्र नं : २५-०१-७०-०९२२१<br>मिति २०७०/०३/०३, नुवाकोट<br>ठेगाना : विदुर न.पा.वडा नं.९,नुवाकोट ।<br>हाल विदुर न.पा.वडा नं.८,नुवाकोट । |

**धितो सुरक्षणको विवरण**

मालपोत कार्यालय नुवाकोटमा निर बहादुर रिजालको नाममा दर्ता कायम रहेको नुवाकोट जिल्ला, त्रिशुली गा.वि.स/न.पा. वडा नं. ४ स्थित कित्ता नं. १३०६ को क्षेत्रफल १-१३-३-३ (रोपनी) भएको घरजग्गा तथा त्यसमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत...।

**शाखा कार्यालय ग्वार्को, ललितपुर**

**ऋणीको विवरण**

नेपाल सरकार उद्योग मन्त्रालय,घरेलु तथा साना उद्योग विभाग,घरेलु तथा साना उद्योग कार्यालय ललितपुरमा प्राईभेट फर्म ऐन २०१४ अन्तर्गत मिति २०७०/०३/१२ मा प्रा.फ.द.प्र.प.नं. १३३१४/७०९/०६९/०७० मा दर्ता भई नेपाल सरकार, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय ललितपुर-२ बाट स्थायी लेखा नं. ६०११२९२९० को प्रमाणपत्र प्राप्त **बन्जारा ट्रान्सपोर्ट ।**
प्रोप्राईटर : बिनोद बन्जारा
ठेगाना : महालक्ष्मी न.पा.वडा नं. ४, इमाडोल, ललितपुर ।

**व्यक्तिगत जमानी दिनेहरुको विवरण**

| | |
|---|---|
| **नाम : बिनोद बन्जारा**<br>बाबु : कुल बहादुर बन्जारा<br>बाजे : लाल बहादुर बन्जारा<br>ना.प्र.प.नं. : ५७९९९<br>जारी मिती : २०४९/०७/१३, जि.प्र.का. ललितपुर ।<br>ठेगाना : इमाडोल वडा नं. ८, ललितपुर ।<br>हाल महालक्ष्मी न.पा वडा नं. ४, ललितपुर । | **नाम : सुनिता बन्जारा**<br>बाबु : पृथु राज के.सि<br>पति : बिनोद बन्जारा<br>ससुरा : कुल बहादुर बन्जारा<br>ना.प्र.प.नं.: ३८६३७<br>जारी मिती : २०६२/०५/२९, जि.प्र.का. ललितपुर ।<br>ठेगाना : इमाडोल वडा नं. ८, ललितपुर ।<br>हाल महालक्ष्मी न.पा वडा नं. ४, ललितपुर । |
| **नाम : सुजाव राज बन्जारा**<br>बाबु : बिनोद बन्जारा<br>बाजे : कुल बहादुर बन्जारा<br>ना.प्र.प.नं. : २८-०१-७६-०३४००<br>जारी मिती : २०७६/०६/२९, जि.प्र.का. ललितपुर ।<br>ठेगाना : इमाडोल वडा नं. ८, ललितपुर ।<br>हाल महालक्ष्मी न.पा वडा नं. ४, ललितपुर । | **नाम : विनम्र राज बन्जारा**<br>बाबुको नामः बिनोद बन्जारा<br>बाजेको नामः कुल बहादुर बन्जारा<br>ना.प्र.प.नं. : २८-०१-७९-०३१०४<br>जारी मिती : २०७९/०५/१६, जि.प्र.का. ललितपुर ।<br>ठेगाना : महालक्ष्मी न.पा वडा नं. ४, ललितपुर । |

**धितो सुरक्षणको विवरण**

मालपोत कार्यालय काभ्रेपलान्चोकमा सुनिता बन्जाराको नाममा दर्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला सुब्बा गाउँ वडा नं. ८ क, स्थित कित्ता नं. १६२८ को क्षेत्रफल १४३.०८ वर्ग मिटर को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत...।

**लिलाम बिक्री सम्बन्धी शर्तहरु**

१) बोलपत्र फारम फाइनान्सको मुख्य कार्यालय, भाटभटेनी, काठमाडौं तथा फाइनान्सको सबै शाखा कार्यालयहरुबाट रु. १,०००।- तिरी प्राप्त गर्न सकिने छ।
२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०८१/१२/२५ गते भित्र फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी काठमाडौं वा सबै शाखा कार्यालय मध्ये कुनै एकमा प्राप्त भैसक्नुपर्ने छ र प्राप्त बोलपत्रहरु मिति २०८१/१२/२७ गते दिनको ३:०० बजे फाइनान्सको शाखा कार्यालय, त्रिशुली नुवाकोटको त्रिशुली नुवाकोटमा र शाखा कार्यालय ग्वार्को ललितपुरको प्रधान कार्यालय भाटभटेनी काठमाडौंमा बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
३) बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र खोलिनेछ ।
४) उल्लेखित सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।
५) बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ र धेरै नै केरमेट भै कवुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन। आफूले कबूल गरेको रकमको कम्तीमा १०% ले हुन आउने रकम फाइनान्सको Tender Deposit Margin खाता नम्बर 9264013851014 मा धरौटी वापत नगदै जम्मा गरी सोको नगदी रसिद वा यस फाइनान्सको नाममा खिचिएको चेक वा ड्राफ्ट/पेमेन्ट अर्डर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ। धरौटी वापत जम्मा गरिएको रकमको ब्याज दिईने छैन।
६) नेपाल सरकारको आर्थिक नियम तथा प्रचलित कानून बमोजिम खरिद गरि लिन चाहेको सम्पत्तिको नामसारी/दाखिल खारेज गर्दा लाग्ने कर, शुल्क, दै-दस्तुर लगायत सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ ।
७) बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सोको जानकारी भएको मितिले ७ (सात) दिन वा फाइनान्सले तोकेको समयावधिभित्र कबोल गरेको सम्पूर्ण रकममा धरौटी राखेको रकम घटाई बाँकी रकम जम्मा गर्नुपर्नेछ। उक्त समयभित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखेको जमानत रकम फाइनान्सले जफत गर्न सक्नेछ।
८) रितपूर्वक पेश नभएको बोलपत्रहरु लिलाम बढाबढ प्रकृयामा समावेश गरिने छैन। बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोसिएशन गर्ने सम्पूर्ण अधिकार फाइनान्समा सुरक्षित रहनेछ।
९) लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनु हुने महानुभावले फाइनान्सको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राख्न सक्नु हुनेछ।
१०) लिलाम बिक्री हुने भनिएको उल्लेखित सम्पत्ति कसैले सकार नगरेमा, वा शिलबन्दी बोलपत्रमा उल्लेखित रकम फाइनान्सलाई चित्त बुझ्दो नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित ऐन कानून तथा फाइनान्सको नीति नियम अनुसार उक्त सम्पत्ति बिक्री गर्न वा यस फाइनान्सले आफै सकार गरी सोको स्वामित्व लिन वा अन्य कुनै व्यवस्था गर्न सक्नेछ ।

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं फोन नं. ४५२५२९२, Email: info@icfc.com.np

www.icfc.com.np

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
सोमवार, ११ चैत २०८१ | Monday, 24 March 2025
आर्थिक अभियान

# तीन सबस्टेसन निर्माणको अन्तिम चरणमा

**अभियान संवाददाता**
काठमाडौं

बारा र पर्सा जिल्लास्थित औद्योगिक करिडोर र उपभोक्तालाई भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति नियमित बनाउन उच्च क्षमताका तीनओटा सबस्टेसन निर्माण अन्तिम चरणमा पुगेको छ। बाराका अमलेखगञ्ज तथा प्रसौनी र पर्साको वीरगञ्जमा निर्माणाधीन १३२ केभी क्षमताका तीनओटा सबस्टेसन अन्तिम चरणमा पुगेका हुन्।

नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले स्थलगत अनुगमन गरी सबस्टेसन र प्रसारण लाइन निर्माण यथाशीघ्र सम्पन्न गर्न आयोजना व्यवस्थापन र निर्माण व्यवसायीलाई निर्देशन दिए। वीरगञ्ज क्षेत्रको विद्युत् माग र आपूर्ति व्यवस्थापन तथा भार तसँगको विद्युत् व्यापारका लागि निर्माणाधीन प्रसारण लाइन तथा सबस्टेसन महत्त्वपूर्ण रहेको भन्दै उनले जिम्मेवार भएर निर्धारित समयमा काम सम्पन्न गर्न आग्रह गरे। पथलैया-सिमरा-वीरगञ्ज औद्योगिक कोरिडोरमा रहेको विद्युत् आपूर्तिको समस्या समाधान र बढ्दो माग पूरा गर्न अमलेखगञ्ज १३२/६६ केभी सबस्टेसन तयार भएको छ। उक्त सबस्टेसनमा रहने अधिकांश मुख्य उपकरण जडान भइसकेका छन्। अमलेखगञ्ज सबस्टेसनलाई आगामी जेठको दोस्रो साताभित्र सञ्चालनमा ल्याउने गरी अन्तिम चरणका काम भइरहेका प्रबन्ध निर्देशक घिसिङले उल्लेख गरे।

उनका अनुसार पूर्व-पश्चिम १३२ केभी डबलसर्किट प्रसारण लाइनमध्ये एउटा सर्किटलाई अमलेखगञ्ज सबस्टेसनभित्र छिराउने (लुप इन) र बाहिर निकाल्ने (लुप आउट) गर्ने काम सकिएको छ। त्यस्तै हेटौंडाबाट सिमरा-वीरगञ्ज औद्योगिक कोरिडोरमा विद्युत् आपूर्ति गर्ने ६६ केभी लाइनको दुवै सर्किटलाई सबस्टेसनमा लुप इन र लुप आउट गरिसकिएको छ। हेटौंडाबाट गएको ६६ केभी लाइन लामो र क्षमता कम हुँदा सिमरा-वीरगञ्ज औद्योगिक करिडोरमा भोल्टेजको समस्या थियो।

उक्त ६६ केभी लाइनको लम्बाइ पनि घट्ने र १३२ केभी प्रसारण लाइनबाट विद्युत् आपूर्तिको स्रोत हुने भएपछि अमलेखगञ्ज सबस्टेसन सञ्चालनमा आएसँगै सिमरा-वीरगञ्ज औद्योगिक कोरिडोरको विद्युत् आपूर्तिमा सुधार प्राधिकरणले जनाएको छ। सबस्टेसनमा १३२/६६ केभी २०० एमभीए र ६६/११ केभी २० एमभीए क्षमताका पावर ट्रान्सफर्मर छन्। स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि ११ केभीका ६ ओटा फिडर रहनेछन्।

**बाराका अमलेखगञ्ज तथा प्रसौनी र पर्साको वीरगञ्जमा निर्माणाधीन १३२ केभी क्षमताका तीनओटा सबस्टेसन अन्तिम चरणमा पुगेका हुन्। प्राधिकरणका प्रबन्ध निर्देशक घिसिङले स्थलगत अनुगमन गरी सबस्टेसन र प्रसारण लाइन निर्माण यथाशीघ्र सम्पन्न गर्न आयोजना व्यवस्थापन र निर्माण व्यवसायीलाई निर्देशन दिएका छन्।**

प्रसौनी तथा वीरगञ्ज सबस्टेसन र उक्त सबस्टेसनलाई जोड्ने दुई दशमलव आठ कलोमिटर १३२ केभी भूमिगत प्रसारण लाइन निर्माण भइरहेको छ। भूमिगत प्रसारण लाइन एक महीनाभित्र सक्ने गरी काम भइरहेको प्रबन्ध निर्देशक घिसिङले जानकारी दिए। सबस्टेसनमा उपकरण जडान र बाँकी रहेका सिभिल संरचनाको काम जारी छ। भारत र नेपालबीचको रक्सौल परवानीपुर १३२ केभी प्रसारण लाइनलाई प्रसौनी सबस्टेसनमा लुप इन र लुप आउट गरिनेछ।

उक्त सबस्टेसनबाट भूमिगत प्रसारण लाइनमार्फत वीरगञ्ज सबस्टेसनमा विद्युत् आपूर्ति दिइनेछ। हाल वीरगञ्जमा चालू रहेको ६६/३३/११ केभी सबस्टेसनको क्षमता विस्तार गरी १३२ केभी बनाउन लागिएको हो। सबस्टेसन र प्रसारण लाइन निर्माण सम्पन्न भएपछि वीरगञ्ज क्षेत्रमा विद्युत् आपूर्तिका लागि १३२ र ६६ केभीको स्रोत हुनेछ। १३२ र ६६ केभी सबस्टेसन अन्तरआबद्ध हुने भएकाले विद्युत् आपूर्ति पर्याप्त, भरपर्दो र गुणस्तरीय बन्ने विश्वास छ। हाल बाराको कलैया क्षेत्रमा पनि वीरगञ्ज सबस्टेसनबाट विद्युत् आपूर्ति हुँदै आएकोमा प्रसौनी सबस्टेसन सम्पन्न भएपछि त्यहींबाट आपूर्ति दिइने प्राधिकरणले जनाएको छ। यसबाट वीरगञ्ज सबस्टेसनको भार पनि घट्नेछ।

प्रसौनी सबस्टेसनमा स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि ३३ केभी र ११ केभीका पाँच/पाँचओटा फिडर रहने व्यवस्था गरिएको छ। बारा-पर्सा औद्योगिक कोरिडोरमा पर्ने सिमरा, निजगढ, वीरगञ्ज, परवानीपुर, पोखरिया, प्रसौनीलगायत क्षेत्रमा हाल सञ्चालनमा रहेका तथा आगामी दिनमा खुल्ने उद्योगलाई लक्षित गरी प्राधिकरणले उच्च क्षमताका विद्युत् प्रसारण तथा वितरण लाइनका पूर्वाधार संरचना क्रमिक रूपमा बनाउन लागिरहेको छ। वीरगञ्ज क्षेत्रका उद्योगले १३२ केभी प्रसारण लाइनबाटै विद्युत् आपूर्ति लिन सक्ने गरी उच्च क्षमताका प्रसारण लाइन तथा सबस्टेसन निर्माण अगाडि बढाइएको प्राधिकरणको भनाइ छ। वीरगञ्ज क्षेत्रको विद्युत्को बढ्दो औद्योगिक माग पूर्ति गर्न परवानीपुरबाट पोखरियासम्म १३२ केभी अर्को प्रसारण लाइन र पोखरिया सबस्टेसन निर्माण अगाडि बढाइएको छ। हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारण लाइनअन्तर्गत बाराको निजगढमा ४०० केभी सबस्टेसन निर्माण गरी उक्त लाइनलाई रमौली हुँदै पोखरियामा पुऱ्याउने गरी अर्को आयोजना शुरू गरिएको छ। प्रस्तावित ४०० केभी प्रसारण लाइन आयोजनाको लम्बाइ ६५ किलोमिटर हुनेछ। निजगढ, रमौली र पोखरियामा गरी ४०० केभीका तीनओटा सबस्टेसन निर्माण गरिने छन्। निजगढ-रमौली-पोखरिया प्रसारण लाइनको सर्वे सम्पन्न भइसकेको छ। प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिको प्रक्रियामा छ।

रमौली सबस्टेसन निर्माणका लागि जग्गा अधिग्रहणका गर्न मुआब्जा निर्धारण भइसकेको छ। निजगढ सबस्टेसन भारतको निर्यात आयात (एक्जिम) बैंकको सहुलियतपूर्ण ऋणमा निर्माण गरिनेछ। निजगढ-रमौली ३८ किलोमिटर प्रसारण लाइन र रमौलीमा सबस्टेसन एशियाली विकास बैंकको सहुलियतपूर्ण ऋणमा निर्माण गरिनेछ।



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**आइतवार हवाईजहाजबाट देखिएको काठमाडौंको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल तथा उपत्यकाको दृश्य।**

# नेपाल अन्तरराष्ट्रिय व्यापार मेला वैशाख २५ देखि

काठमाडौं (अस)। नेपाल उद्योग वाणिज्य महासंघद्वारा प्रत्येक वर्ष आयोजना गरिँदै आएको 'नेपाल अन्तरराष्ट्रिय व्यापार मेला २०८२' वैशाख २५ देखि २९ गतेसम्म काठमाडौंमा हुने भएको छ। मेलामा चीन, भारत, पाकिस्तान, बंगलादेश र भुटानबाट सहभागिता हुने महासंघले जानकारी दिएको छ। नेपाल अन्तरराष्ट्रिय व्यापार मेला २०८२ दशौं संस्करण हो। मेलामा 'मेड इन नेपाल' पेभेलियन तथा वस्तुगत संघहरूको पेभेलियन रहने बताइएको छ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहयोगमा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको प्रवर्द्धन तथा ललितपुर उद्योग वाणिज्य संघ र नेपाल हस्तकला महासंघको सहआयोजनामा 'क्यालेन्डर इभेन्ट'को रूपमा उक्त मेला आयोजना हुन लागेको महासंघले जानकारी दिएको छ।

३०० भन्दा बढी स्टलमार्फत मेलामा स्वदेशी एवं विदेशी वस्तु तथा सेवाको प्रदर्शनी गरिनेछ। मेलामा सार्क राष्ट्रसहित चीन, दक्षिण कोरिया, जापान लगायतका देशका क्रेताहरूलाई आमन्त्रण गरिने महासंघले जानकारी दिएको छ।

मेलामा हस्तकला, पर्यटन सूचना तथा प्रविधि एवं व्यावसायिक सूचना, कृषि उत्पादन, ऊर्जा, भवन तथा निर्माणसम्बन्धी शिक्षा आदिका छुट्टाछुट्टै स्टलहरू राखिनेछन्।

महासंघका अनुसार मेलाको मुख्य आकर्षणमा मेड एन नेपाल शो, हस्तकला उत्पादन, वस्तुगत संघहरूका उत्पादनका साथै चारपांग्रे र दुईपांग्रे विद्युतीय गाडी (ईभी) समेत रहनेछन्। मेलाका अवसरमा अन्तरराष्ट्रिय खरीदकर्तासँग प्रत्यक्ष अन्तरक्रिया गराउने कार्यक्रम राखिनेछ। यस्तै विभिन्न देशबाट आउने व्यापारिक प्रतिनिधिहरूसँग भेटघाट तथा द्विपक्षीय व्यापार प्रवर्द्धन र लगानीबारे छलफल हुनेछ। मेला स्वदेशी र विदेशी गरी करीब २० हजार अवलोकनकर्ताले अवलोकन गर्ने अपेक्षा छ।

**३०० भन्दा बढी स्टलमार्फत मेलामा स्वदेशी एवं विदेशी वस्तु तथा सेवाको प्रदर्शनी गरिनेछ।**

'महासंघकै नेतृत्वमा अघिल्ला वर्षहरू जस्तै मुलुकभित्र प्रादेशिक, जिल्ला स्तर एवं वस्तुगत गरी विभिन्न तहमा मेला आयोजना भइरहेको छ, विभिन्न जिल्लामा आयोजना भएका मेलामा उत्कृष्ट स्टल तथा उत्पादनलाई यस मेलामा निःशुल्क स्टल उपलब्ध गराइनेछ,' महासंघद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

नेपाल अन्तरराष्ट्रिय व्यापार मेलाको नियमित आयोजनाबाट नेपालमा अन्तरराष्ट्रिय लगानी तथा प्रविधि आकर्षण, नेपाली उत्पादनको अन्तरराष्ट्रिय बजार प्रवर्द्धन गरी समग्रमा मुलुकको अर्थतन्त्रलाई माथि उकास्न सघाउ पुऱ्याउने विश्वास महासंघले लिएको छ।

मेलामा जेष्ठ नागरिक तथा फरक रूपले समक्ष नागरिकलाई निःशुल्क तथा विद्यार्थीलाई उनीहरूको प्रवेशपत्रका आधारमा ५० प्रतिशत छूटमा प्रवेशको व्यवस्था गरिनेछ। आज (सोमवार)देखि स्टल बुकिङ खुला गरिएको महासंघले जानकारी गराएको छ।

# नेपाल पर्यटन बोर्डद्वारा म्यानमारमा बौद्ध पर्यटन प्रवर्द्धन

काठमाडौं। नेपाल पर्यटन बोर्डले म्यानमारको यांगुनमा सम्पन्न 'नेपाल-म्यानमार व्यापार तथा पर्यटन एक्स्पो २०२५'मा बौद्ध पर्यटन प्रवर्द्धनमा जोड दिएको छ। नेपाल र म्यानमारबीचको ६५औं कूटनीतिक सम्बन्धको अवसरमा नेपाल पर्यटन बोर्ड र म्यानमारस्थित नेपाली दूतावासको सहकार्यमा मार्च २१ र २२ मा सम्पन्न 'नेपाल-म्यानमार व्यापार तथा पर्यटन एक्स्पो २०२५' मा बौद्ध पर्यटन प्रवर्द्धनका साथै नेपाली पर्यटन उत्पादन, सूचना प्रविधि समाधान तथा अन्य वस्तु प्रदर्शन गरिएको हो। एक्स्पोमा नेपालबाट १६ र म्यानमारका ३० ओटा पर्यटन कम्पनीहरूको सहभागिता थियो। एक्स्पोमा नेपालको तर्फबाट बौद्ध पर्यटन प्रवर्द्धनमा विशेष जोड दिँदै म्यानमारका पर्यटकलाई लुम्बिनी भ्रमण गर्न आग्रह गरिएको छ।

कार्यक्रमको म्यानमारका संघीयमन्त्री यू टुन ओन, म्यानमारका लागि नेपालका राजदूत हरिशचन्द्र घिमिरे र म्यानमार चेम्बर अफ कमर्सका अध्यक्ष यू ए विनले संयुक्त रूपमा उद्घाटन गरेका थिए। उद्घाटन कार्यक्रममा यांगुन क्षेत्रका मुख्यमन्त्री यू सो थिन, सरकारी अधिकारीहरू, दुवै देशका व्यावसायिक संस्थाका प्रतिनिधिहरू, म्यानमारस्थित नेपाली समुदाय तथा पर्यटन क्षेत्रका प्रतिनिधिको उपस्थिति थियो।

संघीय मन्त्री यू टुन ओनले आफ्नो सम्बोधनमा नेपाल र म्यानमारबीचको व्यापारिक सम्बन्ध मजबुत बनाउँदै पर्यटन प्रवर्द्धनमा सहकार्य आवश्यक रहेको उल्लेख गरे। दुवै देशका सरकार र निजीक्षेत्रबीच सहकार्य गर्दै पर्यटन विकास, आपसी व्यापार मेला आयोजना र मानव संसाधन विकासमा जोड दिनुपर्ने आवश्यकता उनले औंल्याए। कार्यक्रमकै बीच नेपाल पर्यटन बोर्ड र म्यानमार टुरिज्म फेडरेशनले आयोजना गरको संयुक्त बैठकमा नेपाल र म्यानमारका पर्यटन प्रतिनिधिहरूबीच सहकार्यलाई बलियो बनाउने विषयमा छलफल भएको नेपाल पर्यटन बोर्डले जनाएको छ। नेपाल दूतावासले कार्यक्रमको दोस्रो दिन नेपाली परिकारहरू, जस्तै- मोमो, सेलरोटी, आलुको अचार र नेपाली चिया समावेश गरिएको 'लाइभ फुड स्टेशन'को आयोजना गरेको हो। *रासस*

## तथ्यांकोवाच

# चियाको विश्व आयात बजार ७ अर्ब ३२ करोड अमेरिकी डलर

वर्तमान युगको अत्यावश्यक वस्तुका रूपमा परिचित चियाको सन् २०२३ मा विश्व आयात ७ अर्ब ३२ करोड अमेरिकी डलर बराबर रहेको छ। विश्व बजारमा अत्यधिक माग रहेको चिया क्षेत्रमा नेपालले पनि आफ्नो क्षमता भ्याउने क्षेत्रमा उपस्थिति जनाउन सक्ने रणनीति तर्जुमा हुन आवश्यक छ।

| आयातकर्ता मुलुकहरू | हजार अर्ब अमेरिकी डलर | सन्तुलन | परिमाण टन | प्रति टन मूल्य | विश्व आयातमा हिस्सा (प्रतिशत) | औसत भन्सार दर (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| विश्व | ७१३२४४८ | ८४९६९७ | ० | | १०० | |
| पाकिस्तान | ५९२१५१ | -५७६५७० | २२६६६० | २६१३ | ८.३ | १०.८ |
| संयुक्त राज्य अमेरिका | ५१९७८५ | -४२१२७४ | १०४२२५ | ४९८७ | ७.३ | ०.३ |
| इरान | ४१५८१२ | -३९०६७९ | ६५०२२ | ६३९५ | ५.८ | १८.३ |
| रूसी संघ | ३८२७२७ | -३३४१०८ | ११३५९३ | ३३६९ | ५.४ | ३.३ |
| संयुक्त अधिराज्य | ३१०२९२ | -१८९७४८ | ९६५०४ | ३२१५ | ४.४ | ०.१ |
| इजिप्ट | ३१००६७ | -२९३६३६ | १००२७६ | ३०९२ | ४.३ | १.५ |
| इराक | २८१३६३ | -२८१२२६ | ७८७३३ | ३५७४ | ३.९ | ... |
| साउदी अरेबिया | २५६१२९ | -२४५६४६ | ० | | ३.६ | ० |
| जर्मनी | २२४५८० | ६३६३ | ४६२५८ | ४८५५ | ३.१ | ०.१ |
| संयुक्त अरब इमिरेट्स | २२१०१० | २६१४४९ | ० | | ३.१ | ० |
| हङकङ, चीन | १९००१८ | -१६७७३२ | १६६१५ | ११४३७ | २.७ | ० |
| मोरक्को | १८७४४७ | -१४८९२९ | ६२२७६ | ३०१० | २.६ | ८.४ |
| जापान | १५९६१३ | ५१०६१ | २४७३३ | ६४५३ | २.२ | ६.१ |
| फ्रान्स | १५२५६३ | -८५८३७ | १४५९० | १०४५७ | २.१ | ०.१ |
| चीन | १४६४५२ | १५९२५४८ | ३९०१८ | ३७५३ | २.१ | १८ |
| क्यानडा | १३४८४६ | -१०५४७६ | १६८२१ | ८०१७ | १.९ | ०.३ |
| नेदरल्याण्ड्स | ११३५३६ | -२५६५८ | १३८२० | ८२१५ | १.६ | ०.१ |
| पोल्याण्ड | ११०६७९ | १२४३५४ | ३२३८८ | ३४१७ | १.६ | ०.१ |
| काजाकिस्तान | १०५२९९ | -८०७२३ | ३३८९५ | ३१०७ | १.५ | ३ |
| अष्ट्रेलिया | १०५०४६ | -१००२०१ | ११२३० | ९३५४ | १.५ | ० |
| मलेसिया | ८९७१७ | -७७८०४ | ३५०२६ | २५६१ | १.३ | ३.५ |
| ताइपेई, चिनियाँ | ८०६३० | १८६३० | २८३३३ | २८४६ | १.१ | १९.८ |
| इटाली | ७९३४० | -७१५१५ | ७३४२ | १०८०६ | १.१ | ०.१ |
| लिबिया, राज्य | ७३५४७ | -७३५४७ | १७५८५ | ४१८२ | १ | ० |
| अल्जेरिया | ७२५५८ | -७२४९९ | २१२५१ | ३४१४ | १ | २७.८ |
| बेल्जियम | ७१७७० | -१८४०७ | १०३८९ | ६९०८ | १ | ०.१ |
| अजरबैजान | ७०५५७ | -६३९५२ | १३६७६ | ५१५९ | १ | ८.९ |
| यमन | ६२४७८ | -४९५७० | २१४७० | २९१० | ०.९ | ४.६ |
| माली | ५७८९१ | -५७८५२ | १४३२२ | ४०४२ | ०.८ | ९.४ |
| जोर्डन | ५७७७५ | -२५९३८ | ० | | ०.८ | ० |
| कुवेत | ५५५३९ | -५४२९८ | ५७८३ | ९६०४ | ०.८ | ० |
| स्वीडेन | ५४१४१ | -४५५७३ | ४३५६ | १२४२९ | ०.८ | ०.१ |
| चिली | ५०९६१ | -४९२९८ | १४८१५ | ३४४० | ०.७ | ३.२ |
| उज्बेकिस्तान | ५०३८९ | -४९९७० | ३५६७५ | १४१२ | ०.७ | ७.२ |
| युक्रेन | ४९११७ | -४३७९६ | १२०५८ | ४०७३ | ०.७ | ५.५ |
| स्पेन | ४८४९९ | -३५३१९ | ६२४५ | ७७६६ | ०.७ | ०.१ |
| सिंगापुर | ४७९३६ | -१४८४६ | ५६४७ | ८४८९ | ०.७ | ० |
| सिरियाली अरब गणराज्य | ४६६३४ | -४६३५९ | ७५०४ | ६२१५ | ०.७ | ९.३ |
| भारत | ४५९२५ | ६६०४२६ | २४५१६ | १८७३ | ०.६ | ९५.४ |
| आयरल्याण्ड | ४४९०५ | -३६०५५ | ८३६५ | ५३६८ | ०.६ | ०.१ |
| अफगानिस्तान | ४३६९२ | -४३६६१ | १६६१४ | २६३० | ०.६ | २.८ |
| स्विट्जरल्याण्ड | ४१००८ | -१३२७२ | ८३३४ | ४९२१ | ०.६ | ० |
| ओमान | ४०९४९ | -३५९५३ | ० | | ०.६ | ० |
| टर्की | ३६३७७ | -८९७३ | १७०२६ | २१३७ | ०.५ | ७ |
| दक्षिण अफ्रिका | ३५११३ | -१११३२ | १९९०६ | १७६४ | ०.५ | ४.६ |
| सुडान | ३३३१९ | -३३३१३ | ० | | ०.५ | ... |
| अस्ट्रिया | ३०७१३ | -१८८८० | ३५५७ | ८६३५ | ०.४ | ०.१ |
| चेक गणराज्य | ३०१३४ | -१७६४६ | ३३५७ | ८९७६ | ०.४ | ०.१ |
| कतार | २८१०२ | -२८१०२ | ४५८१ | ६१३४ | ०.४ | ० |
| इन्डोनेसिया | २५८०० | ४३२१५ | ९६०५ | २६८६ | ०.४ | १५.४ |
| थाइल्याण्ड | २४९७४ | -६६९६ | १४६५३ | १७०४ | ०.४ | ८६.१ |
| भियतनाम | २४३८९ | १५७४०० | ४५२४ | ५३९१ | ०.३ | ३८.६ |
| कोरिया, गणराज्य | २३९७२ | -११३९७ | १५३३ | १५६३७ | ०.३ | ८२.३ |
| डेनमार्क | २२७६९ | -१४४६८ | १७४१ | १३०७८ | ०.३ | ०.१ |
| मौरिटानिया | २२४१८ | -२२४१८ | १७३२७ | १२९४ | ०.३ | १० |
| लेबनान | २१९९६ | -१९६६१ | ० | | ०.३ | ० |
| गिनी | २०८८४ | -२०८८२ | ५१२५ | ४०७५ | ०.३ | ९.४ |
| फिलिपिन्स | १९८५० | -१९७७९ | ३३६३ | ५९०२ | ०.३ | २.८ |
| क्यामरुन | १८७६७ | -१८७५२ | १०३०२ | १८२२ | ०.३ | २९.४ |
| नाइजेरिया | १८२९९ | -१८२६८ | ८५०२ | २१५२ | ०.३ | ९.४ |
| नर्वे | १८०५७ | -१७९०१ | ९२१ | १९६०६ | ०.३ | ० |
| श्रीलंका | १६६५२ | १२६४५६९ | ६७१४ | २४८० | ०.२ | १९.९ |
| बहराइन | १५७८१ | -१५५४५ | ० | | ०.२ | ० |
| न्युजिल्याण्ड | १५४२४ | -१४१५० | २३५५ | ६५४९ | ०.२ | ० |
| फिनल्याण्ड | १५०५९ | -१४०२४ | ८६७ | १७३६९ | ०.२ | ०.१ |
| तुर्कमेनिस्तान | १२२५३ | -१२२४७ | ४८८० | २५११ | ०.२ | ... |
| दक्षिण सुडान | १२११९ | -१२११९ | ७९५८ | १५२३ | ०.२ | ... |
| किर्गिजस्तान | ११५०८ | -१०६५८ | ६०८५ | १८९१ | ०.२ | ३.३ |
| मेक्सिको | ११४२८ | -१०९६२ | ० | | ०.२ | १६ |
| मकाउ, चीन | ११३९३ | -१०७१९ | १०२८ | ११०८३ | ०.२ | ० |
| लिथुआनिया | १०७३७ | -७२४१ | ६५८ | १६३१८ | ०.२ | ०.१ |
| कोट डी आइवर | १०४८० | -१०३०४ | ३८६७ | २७१० | ०.१ | ८.२ |
| सोमालिया | ९७२५ | -९७०५ | ६९०९ | १४०८ | ०.१ | २५ |
| हंगेरी | ९६६२ | -८५७६ | ० | | ०.१ | ०.१ |
| ग्रीस | ९३६३ | -८१६७ | ९१० | १०२८९ | ०.१ | ०.१ |
| जर्जिया | ८९९६ | -७३०४ | २१२८ | ४२२७ | ०.१ | ९.८ |
| केन्या | ८६६७ | १३४५५५१ | ६०५२ | १४३२ | ०.१ | ३२.४ |
| पोर्चुगल | ८६३६ | -६४२७ | ९०७ | ९५२१ | ०.१ | ०.१ |
| इजरायल | ७९५९ | -५६३० | १११७ | ७१२५ | ०.१ | ० |
| चाड | ७८१४ | -७८१३ | ५८२९ | १३४१ | ०.१ | २९.४ |
| मोल्डोभा, गणतन्त्र | ७६६५ | -७४८४ | ८२८ | ९२५७ | ०.१ | ६ |
| नाइजर | ७६३८ | -७३५७ | ८२१७ | ९३० | ०.१ | ९.४ |
| बोत्सवाना | ७३८७ | -७३८४ | १८३५ | ४०२६ | ०.१ | ५.६ |
| ताजिकिस्तान | ७०९९ | -७०६८ | ४९७१ | १४२८ | ०.१ | ४.३ |
| अल्बानिया | ६२९७ | -६१८४ | १५०३ | ४१९० | ०.१ | १४.७ |
| रोमानिया | ६१३५ | -५४८९ | ४३२ | १४२०१ | ०.१ | ०.१ |
| इस्टोनिया | ५६४५ | -४६४० | ३५८ | १५७६८ | ०.१ | ०.१ |

*स्रोत : आइटिसी ट्रेडम्याप*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर